नजर हमर

राष्ट्रिय दैनिक


# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## पूर्वउपसभापति खड्कालाई सातदिने स्पष्टीकरण



समाचार पृष्ठ ५ मा

वर्ष ४ | अंक १४७ | २०८३ साल वैशाख ०३ गते बिहीबार | Thursday 16, April 2026 | सूर्योदय: बिहान ०५:४२ बजे | सूर्यास्त: साँझ ०६:२९ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# 'प्रधानमन्त्रीले ५ मिनेट बोल्नु भयो'




**मधेशदृष्टि**
**जनकपुरधाम।**
हामीकहाँ पालिकाका अध्यक्ष, नगर प्रमुख, उपप्रमुख, उपाध्यक्ष मात्र होइन पाए भने वडाअध्यक्षले पनि लामै भाषण दिएर कान चिप्लो बनाउन बाँकी राख्दैनन् । उसो त पार्टीका नेताहरु पनि 'मेरो बोल्ने पालो' भनेर भाषण दिन्छन् । कतिपय कार्यक्रममा 'वक्ता'को सूची पछि थपेर कार्यक्रम नै लामो पारिन्छ।

प्रदेशका मुख्यमन्त्री, मन्त्री, केन्द्रका मन्त्री, प्रधानमन्त्रीका कुरै नगरौं । यति लामो भाषण गरेर कार्यक्रम नै खल्लो पारिदिने चलन थियो।

प्रमुख अतिथि भनेर कार्यक्रम सुरु भन्दा ३ घण्टा पछि पुग्ने र सबभन्दा बढी बोल्ने बानीले कार्यक्रम खल्लो हुने गरेको अनुभूत गरेका जनतालाई यसपटक यस्तो प्रधानमन्त्री परेका छन् कि सबैको जिज्ञासा छः प्रधानमन्त्री कहिले बोल्छन्?

सिंगो निर्वाचनभर देशभर घुम्दा जम्मा ३२ मिनेट बोलेका बालेन्द्र शाह अहिले प्रधानमन्त्री हुन् । जनकपुरमा गरेको भाषणबाहेक अन्यत्र बालेनको सम्बोधन विरलै र छोटो थियो। यतिखेर उनै प्रधानमन्त्री सबैको सुन्ने र आफू कम बोल्नेमा पर्छन् । संसदमा पनि बोल्दैनन् । दिनहुँ सांसदहरु बोलाएर घन्टौं सुन्छन्, आफू बोल्दै बोल्दैनन् । बोल्न परेर अति कम।

बुधबार पनि यस्तै भयो । प्रधानमन्त्री शाहले संसदमा सबै दलहरुबाट प्रतिनिधित्व गर्ने समानुपातिक सांसदहरुसँग एकमुष्ट छलफल गरे । यसअघि प्रत्यक्ष सांसदहरुसँग प्रदेशगतरुपमा छलफल गरेका शाहले समानुपातिक सांसदहरुलाई एकैपटक बोलाए।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा दिउँसो १२ बजे सुरु भएको बैठक ५ घन्टासम्म चलेको थियो । १ सय १० समानुपातिक सांसदहरुमध्ये अधिकांशको उपस्थिति रह्यो । प्रत्येकले बोल्नलाई १ मिनेटको समय पाएका थिए।

सांसदहरुले बोल्दै गर्दा प्रधानमन्त्रीको सचिवालय सदस्यहरुले उनीहरुले उठाएका विषयहरु टिपोट गरेर राखे । सांसदहरुले बोकेर ल्याएका लिखित नोटलाई दर्ता गर्ने व्यवस्था पनि मिलाइएको थियो।

प्रतिपक्षी दलका केही सांसदहरुले यसअघि प्रत्यक्ष निर्वाचित सांसदहरुसँगै आफूहरुलाई पनि बोलाइएको भए अझै प्रभावकारी हुने धारणा राखेका थिए।

उनीहरुको भनाइ उद्‍धृत गर्दै प्रधानमन्त्रीको सचिवालयका एक सदस्यले भने, 'प्रत्यक्ष सांसदसँगै त्यही क्षेत्रका समानुपातिक सांसदहरुलाई पनि एकैचोटि बोलाइनुपथ्र्यो । उहाँहरु आएर के के कुरा राख्नुभयो, हामीले थाहा पाएनौं।'

प्रतिपक्षी दलका केही सांसदले सरकारको १०० बुँदे कार्ययोजना र राष्ट्रिय प्रतिवद्धतापत्रमा भारतसँगको सिमा समस्यालाई समावेश नगरिएकोप्रति प्रश्न उठाएका थिए।

सरकारले अघि सारेका योजनाहरु पूरा गर्न आर्थिक स्रोतको सुनिश्चितता कसरी हुन्छ भन्ने पनि उनीहरुको चासो थियो । मधेश, कर्णाली र सुदूरपश्चिमका सांसदहरुले आआफ्ना क्षेत्रीय एजेन्डा प्रस्तुत गरेका थिए । यसपछि प्रधानमन्त्रीले जम्माजम्मी ५ मिनेट बोले।

**के भने प्रधानमन्त्रीले पाँच मिनेटमा?**

प्रधानमन्त्री शाहले समानुपातिक सांसदहरूलाई कुनै एउटा क्षेत्र विशेषमा मात्र सीमित नरही देशभरका उत्पीडित र पछाडि पारिएका 'क्लस्टर'को सच्चा पहरेदार बन्न आह्वान गरे।

प्रधानमन्त्री कार्यालयमा छलफलमा उनले समानुपातिक सांसदको भूमिकालाई राष्ट्रिय मूलधार र समुदायको सेतुको रूपमा व्याख्या गरे।

प्रधानमन्त्री शाहले सांसदलाई स्पष्ट कार्यदिशा दिंदै भने, 'तपाईंको पहिलो प्राथमिकता आफ्ना क्लस्टरका मुद्दा उठाउनु हो, त्यसपछि राष्ट्रिय कानून निर्माणमा केन्द्रित हुनुहोस् र समग्र देशको विकासमा ध्यान दिनुहोस् । प्रत्यक्ष निर्वाचित सांसद एउटा क्षेत्रमा बाँधिएका हुन्छन्, तर तपाईंहरु देशभरका आफ्ना क्लस्टरका लागि आशाको केन्द्र हुनुहुन्छ।'

प्रधानमन्त्रीले भने, 'यो छुट्टै छलफल तपाईंहरूका क्लस्टरका समस्यालाई गहिराइमा पुगेर सुन्न र स्पष्ट ध्यानाकर्षण गराउनका लागि गरिएको हो । यो भेदभाव होइन, बरु तपाईंले बोक्ने विशिष्ट मुद्दालाई न्याय गर्ने प्रयास हो।'

प्रधानमन्त्री शाहले आगामी पाँच वर्षसम्म निरन्तर सहकार्यको प्रतिबद्धता जनाउँदै समस्या समाधानमा प्रविधिको प्रयोगमा जोड दिए । छलफलमा उठेका तात्कालीक विषयमा 'फलोअप' गरिने र आगामी दिनमा आवश्यक सुझाव तथा समन्वयका लागि 'डिजिटल माध्यम'बाट सधैँ खुला रहने उनको भनाइ थियो।

समानुपातिक प्रणालीले संसद्लाई पूर्ण र समावेशी बनाउने उनको धारणा थियो । प्रधानमन्त्री शाहले सांसदलाई कानून निर्माण र संसदीय समन्वयमा निर्धक्क भएर प्रभावकारी भूमिका निर्वाह गर्न अनुरोध गरे।

# एक सय रुपैयाँ भन्दा बढीको खरिदमा भन्सार अनिवार्य



**मधेशदृष्टि**
**वीरगंज।**
भारतबाट किनमेल गरेर नेपाल ल्याइने सामानमा अब कडाइ गरिएको छ । सरकारले नयाँ नियम लागू गर्दै एकसय रुपैयाँभन्दा बढी मूल्यका वस्तु ल्याउँदा अनिवार्य रूपमा भन्सार तिर्नुपर्ने व्यवस्था गरेको हो । भन्सार विभागका अनुसार अर्थ मन्त्रालयले संशोधन गरेको 'यात्रुको भन्सार सुविधा' सम्बन्धी नियम कार्यान्वयनमा आएसँगै सीमा नाकामा कडाइ सुरु गरिएको छ।

यसअघि यस्ता साना किनमेलमा व्यवहारतः भन्सार नलाग्ने प्रचलन रहेको भए पनि अब त्यसलाई नियन्त्रण गर्ने नीति लिइएको हो । मधेश प्रदेशका विभिन्न सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मीले माइकिङमार्फत सर्वसाधारणलाई सचेत गराउँदै आएका छन् । भारतबाट किनमेल गरी फर्कँदा एक सय रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याएमा अनिवार्य रूपमा भन्सार घोषणा गर्नुपर्ने जानकारी दिइँदै आएको छ।

भन्सार विभागका प्रवक्ता पुण्यविक्रम खड्काका अनुसार नयाँ नियम राजपत्रमा प्रकाशित भएसँगै मातहतका सबै कार्यालयलाई कार्यान्वयनका लागि निर्देशन दिइएको हो।

सशस्त्र प्रहरी बलले भारतीय सीमावर्ती क्षेत्रमा सुरक्षा मजबुत बनाउन ठूलो संख्यामा जनशक्ति थप गरेको छ । सशस्त्र प्रहरीका प्रवक्ता तथा नायब महानिरीक्षक विष्णुप्रसाद भट्टका अनुसार भारतसँग जोडिएका सीमामा करिब २ हजार २ सय थप सुरक्षाकर्मी परिचालन गरिएको छ । यो संख्या बढाउँदै केही दिनमा करिब ३ हजार पुग्ने उनले जानकारी दिए।

सम्बन्धित प्रदेशका बाहिनीहरूले आफ्नो क्षेत्रका सीमावर्ती जिल्लामा गण, गुल्म र अन्य युनिटबाट जनशक्ति खटाएका छन् । सरकारले आवश्यकता अनुसार पहाडी जिल्लाबाट समेत जनशक्ति झिकेर तराई तथा सीमाक्षेत्रमा स्थायी रूपमा तैनाथ गर्ने तयारी गरेको छ।

सशस्त्र प्रहरीले भने दीर्घकालीन रूपमा १० देखि १२ हजार थप जनशक्ति आवश्यक पर्ने माग अघि सारेको छ । भीड नियन्त्रणमा भने सशस्त्र प्रहरीलाई सुरुमै नखटाउने गरी नयाँ कार्यविधि तयार भइरहेको छ।

# चुरोट कारखाना सञ्चालन कति सम्भव छ ?

**मधेशदृष्टि**
**जनकपुरधाम।**
एक दशकभन्दा बढी समयदेखि बन्द अवस्थामा रहेको जनकपुर चुरोट कारखाना अझै सञ्चालनमा आउने कुनै ठोस संकेत देखिएको छैन । सरकार फेरिने, मन्त्रीहरू बदलिने र पटक–पटक निरीक्षण हुने क्रम जारी रहे पनि उद्योग पुनः सञ्चालनको विषय सधैँ आश्वासनमै सीमित भएको छ।

आर्थिक वर्ष २०७९–८० को बजेटमा उद्योग पुनः सञ्चालन गर्ने योजना समेटिएपछि केही आशा पलाएको थियो । त्यसपछि तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले कारखानाको निरीक्षण गर्दै सञ्चालनका लागि उपयुक्त मोडालिटी तयार गरिने बताएका थिए । आवश्यक परे निजी क्षेत्रलाई जिम्मा दिने विकल्प पनि खुला राखिएको थियो । स्थानीय व्यवसायीहरूले समेत निजी क्षेत्रमार्फत सञ्चालन गर्नुपर्ने माग उठाउँदै आएका छन्।

तर सरोकारवालाहरूका अनुसार, राजनीतिक इच्छाशक्तिको अभाव नै उद्योग पुनर्जीवनको मुख्य बाधा हो।

विसं २०१७ सालमा रुस सरकारको सहयोगमा निर्माण सुरु भएको यो कारखाना २०२१ पुस २९ गते उद्घाटन गरिएको थियो । ३३ बिघा क्षेत्रफलमा फैलिएको उद्योगले एक समय हजारौंलाई रोजगारी दिएको थियो । 'जचुकाली' ब्रान्डका चुरोट स्वदेश तथा विदेशमा लोकप्रिय थिए । २०४४ सालसम्म आइपुग्दा करिब ४ हजार ५ सय जनाले रोजगारी पाएका थिए।

तर २०४६ सालपछि राजनीतिक हस्तक्षेप बढ्दै जाँदा उद्योग कमजोर बन्दै गयो । नेतृत्वमा बारम्बार परिवर्तन, अनावश्यक कर्मचारी भर्ना, व्यवस्थापनमा अस्थिरता र मजदुर आन्दोलनका कारण उद्योग घाटामा गयो । अन्ततः २०७० असार २० गते सरकारले उद्योग पूर्ण रूपमा बन्द गर्ने निर्णय ग¥यो।

२०७४ जेठ ४ गते उक्त क्षेत्र प्रदेश सरकारलाई उपयोगका लागि दिइएपछि कारखाना रहेको परिसर प्रशासनिक केन्द्रका रूपमा रूपान्तरण हुन थाल्यो । हाल त्यहाँ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रमुखको कार्यालय र अधिकांश मन्त्रालय सञ्चालनमा छन् । 'मधेश भवन' नाम दिइएको यो क्षेत्र अहिले प्रदेश सरकारको मुख्य प्रशासनिक केन्द्र बनेको छ।

कारखाना र गोदाम क्षेत्र भने अझै निष्क्रिय अवस्थामा छन् । सुरक्षा र सामान्य रेखदेखबाहेक त्यहाँ कुनै औद्योगिक गतिविधि छैन । यसबीच प्रदेश सरकारले स्थायी संरचना निर्माणका लागि यही क्षेत्र प्रयोग गर्ने तयारी अघि बढाएको छ, जसले उद्योग पुनः सञ्चालनको सम्भावना झन् कमजोर बनाएको देखिन्छ।

स्थानीय स्तरमा भने उद्योग पुनर्जीवनको माग अझै जीवित छ । तर व्यवहारमा सरकारको प्राथमिकता उद्योग सञ्चालनभन्दा संरचना विस्तारतर्फ केन्द्रित देखिन्छ । यसले जनकपुर चुरोट कारखाना पुनः सञ्चालन हुने कि पूर्ण रूपमा इतिहास बन्ने भन्ने प्रश्न अझै अनुत्तरित नै रहेको छ।

# उपभोक्ता समिति विवादले फेरि मधेश तरंगित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीस्थित पूर्वाधार विकास कार्यालयले यसपटक उपभोक्ता समिति गठन प्रक्रियालाई कानूनी दायराभित्र ल्याउन खोज्दा उल्टै राजनीतिक विवाद चर्किएको छ।

कार्यालयले २५ लाख रुपैयाँसम्मका योजनाका लागि २२ चैतमा १५ पालिकाका सबै वडा कार्यालयमा २५८ उपभोक्ता समिति गठनसम्बन्धी पत्र सिधै पठाएर पारदर्शिता कायम गर्ने प्रयास गरेको थियो । साथै, सबै पत्रहरू सार्वजनिक रूपमा आफ्नो वेबसाइटमा राखेर जानकारी खुला गरिएको थियो।

यो अभ्यास विगतको प्रवृत्तिभन्दा फरक थियो । यसअघि मन्त्री, सांसद, तिनका कार्यकर्ता र बिचौलियाले कार्यालयबाटै चिठी लिने, आफ्नै अनुकूल उपभोक्ता समिति गठन गर्ने र काममा प्रभाव पार्ने आरोप लाग्दै आएको थियो । गत वर्ष त यही विषयमा असन्तुष्टि बढ्दै वडाध्यक्षहरूले कार्यालयमै तालाबन्दीसमेत गरेका थिए।

यसपटक भने कार्यालय प्रमुख सीडीई कार्तिकेश झाले प्रक्रिया पारदर्शी बनाउने अडान लिए । तर यही कदम केही प्रदेश सांसद र पूर्वमन्त्रीहरूलाई असहज बन्यो । स्रोतका अनुसार, उनीहरू कार्यालयमै पुगेर 'चिठी सिधै आफूहरूलाई दिनुपर्ने' दबाब दिंदै कर्मचारीलाई धम्कीसमेत दिएका थिए । सरुवासम्मको चेतावनी दिइएको बताइन्छ।

अन्ततः झाको सरुवा भयो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उनलाई प्रादेशिक तथा स्थानीय तह सुधार आयोजना, जनकपुरधाममा काज सरुवा गरेको छ । कार्यालयका प्रवक्ताले सरुवा पुष्टि गरे पनि कारणबारे स्पष्ट जानकारी छैन । स्वयं झाले पनि आफूले कानूनविपरीत कुनै काम नगरेको बताउँदै सरुवाको कारण नबुझेको बताएका छन्।

यता, भौतिक पूर्वाधार विकास मन्त्री राजकुमार गुप्ताले भने सरुवा नियमित प्रक्रिया र आवश्यकता अनुसार, झाकै सहमतिमा भएको दाबी गरेका छन् । तर आन्तरिक स्रोतहरू भने फरक चित्र प्रस्तुत गर्छन् । उनीहरूका अनुसार कानूनी प्रक्रिया पालना गर्न खोज्दा राजनीतिक दबाब




अस्वीकार गरेकै कारण झा सरुवामा परेका हुन् । यो घटना एक्लो होइन । मधेश प्रदेशमा उपभोक्ता समिति प्रणालीलाई लिएर कर्मचारीमाथि दबाब, सरुवा र मन्त्रालय तान्ने अभ्यास पुरानै बन्दै आएको छ । अघिल्लो वर्ष पनि योजना टुक्र्याउने र उपभोक्ता समितिबाट काम गराउने विषयमा असहमति जनाउँदा ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयका तत्कालीन सचिवलाई मुख्यमन्त्री कार्यालय तानिएको थियो । त्यस्तै, बाराका पूर्वाधार कार्यालय प्रमुखलाई पनि यस्तै कारणले मन्त्रालय तानिएको उदाहरण छ।

कानूनले उपभोक्ता समितिमार्फत स्थानीय स्रोत र जनशक्तिको उपयोग गरी विकास निर्माण कार्य गर्दा गुणस्तर र अपनत्व बढ्ने परिकल्पना गरेको छ । तर मधेशमा भने यो प्रणाली कागजी प्रक्रिया र भुक्तानीमा सीमित हुँदै गएको आरोप छ । व्यवहारमा मन्त्री–सांसदले आफैं चिठी नियन्त्रण गर्ने, वडाध्यक्षसँग मिलेमतोमा गोप्य रूपमा समिति गठन गर्ने र काम ठेक्कामा दिने प्रवृत्ति बढ्दो छ।

यससँगै कमिसनको खेल पनि जोडिएको आरोप लाग्दै आएको छ । योजना राख्ने बेलादेखि नै लेनदेन हुने, आफ्ना कार्यकर्तालाई अवसर दिने र बिचौलियाको पहुँच बढ्ने जस्ता विकृति बारम्बार सार्वजनिक भइरहेका छन्।

राजनीतिक परिवर्तनपछि सुधारको अपेक्षा गरिएको भए पनि अवस्था उस्तै देखिन्छ । अहिलेको सरकार पनि उपभोक्ता समितिमार्फत काम गराउने विषयमा अघिल्ला सरकारकै बाटोमा अघि बढिरहेको छ । सबैजसो दलका सांसदहरू यस प्रणालीमा एकमत देखिनु यसको अर्को संकेत हो । गत आर्थिक वर्षमा उपभोक्ता समितिलाई निरुत्साहित गर्दै खुला प्रतिस्पर्धाबाट काम गराउने घोषणा गरिए पनि दलहरूको दबाबपछि सरकार पछि हटेको थियो । त्यसपछि ५० लाख रुपैयाँसम्मका योजना पुनः उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने निर्णय भयो र 'चिठी वितरण' विवाद चुलिएको थियो।

त्यसबेला गठन गरिएको छानबिन समिति अहिलेसम्म निष्क्रियजस्तै छ । प्रतिवेदन सार्वजनिक नहुनु स्वयंमा पारदर्शितामाथि प्रश्न उठाउने विषय बनेको छ।

यस वर्ष पनि २५ लाख रुपैयाँसम्मका अधिकांश योजना उपभोक्ता समितिबाटै कार्यान्वयन हुने गरी प्रक्रिया अघि बढाइएको छ । यसले फेरि त्यही पुरानै विकृति दोहोरिने संकेत देखिएको छ—जहाँ योजना निर्माणदेखि कार्यान्वयनसम्म बिचौलियाको प्रभाव, कमिसनको चलखेल र राजनीतिक हस्तक्षेप हावी हुने गर्छ।

# महोत्तरीमा 'सेफ हाउस' सञ्चालनबारे छलफल

**मधेशदृष्टि**
**जनकपुरधाम।**
ओरेकको समन्वय र जिल्ला प्रशासन कार्यालय महोत्तरीको आयोजनामा लैंगिक हिंसाबाट प्रभावित महिला तथा किशोरीका लागि 'सेफ हाउस' सञ्चालन र व्यवस्थापन सम्बन्धी समन्वयात्मक बैठक सम्पन्न भएको छ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षतामा भएको बैठकमा सेफ हाउसको आवश्यकता, व्यवस्थापन र उपलब्धताका विषयमा विस्तृत छलफल गरिएको थियो । बैठकमा महोत्तरीका विभिन्न स्थानीय तहका प्रमुख–उपप्रमुख, अध्यक्ष–उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, महिला मानवअधिकार रक्षक, सुरक्षा निकायका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायको सहभागिता रहेको थियो।

कार्यक्रममा ओरेक मधेश प्रदेश संयोजक विणा सिंहले सेफ हाउसको आवश्यकता, वार्षिक बजेट व्यवस्थापन तथा स्थानीय सरकारको भूमिकाबारे प्रस्तुति दिएकी थिइन् । छलफलका क्रममा सहभागीहरूले सेफ हाउसको आवश्यकता स्वीकार गर्दै यसको प्रभावकारी सञ्चालनका लागि सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन्।



# हिमाली क्षेत्र विकास प्राधिकरण स्थापना डा रोकायको माग



**काठमाडौं ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य डा दीपेन्द्र रोकायले हुम्ला जिल्लाको समग्र विकासलाई राष्ट्रिय प्राथमिकताको सूचीमा राख्न आग्रह गर्दै सरकारलाई ६४ बुँदे ज्ञापनपत्र बुझाएका छन् ।
हुम्ला कुनै समय राज्यको केन्द्रमा रहेको ऐतिहासिक तथ्य स्मरण गराउँदै निरन्तर उपेक्षाका कारण आज दुर्गमताको प्रतीक बनेको उनले गरेका छन् । उनले भने, अब सामाजिक न्यायको आधारमा सबभन्दा पछाडि रहेको हुम्लालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ ।
नेता डा रोकायले आर्थिक वर्ष २०८३÷८४ को नीति तथा कार्यक्रममा हुम्लाको ठोस र परिणाममुखी सम्बोधन हुनुपर्ने भन्दै प्रधानमन्त्री कार्यालय र अर्थ मन्त्रालयमा आफ्नो पत्र बुझाएका हुन् । उक्त प्रस्तावमा कर्णाली करिडोरका पिलु–तुम्च, तुम्च–छार्या, छार्या–सिमकोट, सिमकोट–हिल्सा खण्डको स्तरोन्नति, प्रत्येक गाउँसम्म राष्ट्रिय प्रसारण लाइन विस्तार र सबै पालिका केन्द्र हुँदै सीमावर्ती हिल्सासम्म अप्टिकल फाइबर पुर्याउनुपर्नेमा जोड दिइएको छ ।
हिमाली क्षेत्र विकास प्राधिकरण स्थापना, हिल्सामा क्वारेन्टाइन तथा यारीमा सुक्खा बन्दरगाह निर्माणजस्ता रणनीतिक पहलमार्फत हुम्लालाई क्षेत्रीय व्यापार र आवागमनको केन्द्र बनाउने दृष्टि प्रस्तुत गरिएको छ ।
हुम्ला कर्नाली–१ र २ जस्ता ठूला जलविद्युत् आयोजनामा सहजीकरण, साना आयोजना राष्ट्रिय ग्रिडमा जोड्ने तथा सिमकोटलाई सौर्य ऊर्जामार्फत लोडसेडिङमुक्त बनाउने प्रस्ताव अघि सारिएको छ ।
कैलाश–मानसरोवर दृश्यावलोकन केन्द्र, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, नयाँ पदमार्ग तथा चलचित्र छायाङ्कनस्थल विकासमार्फत हुम्लालाई अन्तरराष्ट्रिय पर्यटन नक्सामा स्थापित गर्नुपर्ने नेता डा रोकायाको अवधारणामा उल्लेख छ ।रासस

# टिएमजे क्षेत्रमा पर्यटकको भीड



**तेह्रथुम ।**
गुराँसको राजधानी मानिने लालीगुराँस नगरपालिका–१ स्थित तिनजुरे मिल्के जलजले क्षेत्रमा गुराँस फूलेपछि पर्यटकको चहलपहल बढेको छ । वैशाख १ गते नयाँ वर्षमा अनुमानित २५ हजार आन्तरिक तथा बाह्य पर्यटकले तिनजुरे क्षेत्रको भ्रमण गरेको इलाका प्रहरी कार्यालय वसन्तपुरका इञ्चार्ज रुपेश तामाङले बताए । छिमेकी जिल्ला सङ्खुवासभा, भोजपुर, पाँचथर, धनकुटासँगै पूर्वी तराईका जिल्ला सुनसरी, मोरङ, झापाका साथै भारतको विहारलगायतका स्थानका पर्यटक आएको उनले बताए ।
चैतको दोस्रो सातायता तीनजुरे क्षेत्रमा गुराँस फुल्न थालेपछि जिल्ला बाहिरबाट दैनिक पाँच हजार पर्यटक तीनजुरे क्षेत्र आउने गरेको होटल व्यवसायी सङ्घ वसन्तपुरका अध्यक्ष प्रकाश श्रेष्ठले बताए । तिनजुरे, मिल्के, जलजले (टिएमजे) क्षेत्रको प्रवेशद्वार वसन्तपुर बजारमा रहेको चोल्लुङ पार्क, तिनजुरे क्षेत्रमा पर्ने आरआर गार्डेन, पाभीभरा मन्दिर, तिनजुरे पिक, पाँचपोखरी, गुफापोखरी क्षेत्रमा फुलेका गुराँस हेर्ने पर्यटकको भीडले गुल्जार बनेको छ । गुराँसको राजधानी टिएमजे क्षेत्रमा २८ प्रजातिका गुराँस पाइन्छन् । यो क्षेत्रमा वसन्तपुरस्थित नयाँ सहर आयोजनाको कार्यालयले विभिन्न पर्यटकीय संरचना निर्माण गरेका छन् । उक्त क्षेत्रमा साढे १० करोड बजेटको संरचना निर्माण गरिएको नयाँ सहर आयोजना कार्यालय वसन्तपुरका प्रमुख सुदीप झाले बताएका छन् । जसमा आरआर गार्डेन परिसरमा पिकनिक स्पट, शौचालय, ओपन थिएटर निर्माण गरिएका छन् ।
त्यसैगरि तिनजुरे जाने सडकको ठाउँठाउँमा शौचालय निर्माण गरिएका छन् । त्यसैगरी पाथीभरा मन्दिर जाने सिँढीमार्गमा छानोलगायत संरचना निर्माण गरिएको छ । बाह्रै महिना पर्यटक आइरहने तीनजुरे क्षेत्रमा गुराँस फुल्ने र हिउँ पर्ने सिजनमा विशेष पर्यटकीय चहलपहल बढ्छ । सो क्षेत्रमा पछिल्लो समय हिउँ पर्न छाडेपछि गुराँस फुल्ने समय र नयाँ वर्षको दिन पर्यटकले भरिभराउ हुने गरेको टुटेदेउरालीस्थित हिमगङ्गा होटलका सञ्चालक श्री कार्कीले बताएका छन् । तिनजुरे क्षेत्रको नाम धेरै सुनेकाले यसपल्ट झापाबाट परिवारसँग नयाँ वर्ष मनाउन आएको आयुष्मा राईले बताइन् । पहिलो पटक तीनजुरे क्षेत्र आएका हरुलाई यहाँको चिसो मौसम, स्वच्छ हावापानी र वनमा फूलेका गुराँसले मोहित बनाएको बताएका छन् ।
त्यसैगरी, सुनसरीको इटहरीबाट आएका सुरेन्द्र क्षेत्रीले तिनजुरे क्षेत्र एकपटक पुग्नैपर्ने ठाउँका रुपमा आफूले पाएको प्रतिक्रिया दिए ।रासस


## “नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था”

## कर्पोरेट डेभलपमेन्ट बैंक लि.,प्रमुख कार्यलय,वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अधिमधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामामिति २०८२/१०/१४ गतेमा३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १९ औं दिन (१६,१७,१८ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८३/०१/२१ गतेसोमबारका दिन दिउँसो ४:००बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

१) उद्योग औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ ग र सोही ऐनको दफा ५ अनूसार घरेलु/साना उद्योग अन्तर्गत सोहि ऐनका दफा १० बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा,विरगंजमा दर्ता मिति २०७३/०२/०६ गते दर्ता भै घ. तथा सा.उ.का.८०६०/०७२/०७३, अन्तर्गत दर्ता कायम भई पचरुखी वडा नं. ०२, पर्सामाकार्यालय रहेको **भागमती माछापालन फर्म (प्रोप्राइटर- नन्दलाल साह कलवार)** ।

२)जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन** ।

**कर्जाको प्रकार:-गाडि कर्जा,आवधिक कर्जा,अधिविकर्ष कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

१) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा पचरुखी वडा नं २ स्थित किता नं **२२१** को जम्मा क्षेत्रफल १-१६-१४-० (**१२४२७.७३ वर्ग मिटर**) को घर जग्गा ।

२) राम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवारको नाममा दर्ता रहेको जिल्ला पर्सा सिर्सिया ख.टो. वडा नं ९ स्थित किता नं **१६६**को जम्मा क्षेत्रफल **५७८.३४ वर्ग मिटर** को घरजग्गा ।

३) र ाम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवारको नाममा दर्ता रहेको जिल्ला पर्सा पचरुखी वडा नं २ स्थित किता नं **१२ र १२३** को जम्मा क्षेत्रफल क्रमशः **१-१५-१२ र ०-७-१० वर्ग मिटर**को घरजग्गा ।

२) च्यासिस नं **MAT466420G1R12246**र इन्जन नं **61E63516817**रहेको TATA MOTORS को मोडल LTP 3118 TC/56 (2016) को गाडि(ट्रक) नं **NA 6 KHA 6286.**

**व्यक्तिगत जमानीकर्ता :**

१) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन** ।

२) जादो लाल साह कलवारको नाति, रामचन्द्र प्रसाद कलवारको छोरा, जिल्ला पर्सा श्रीसिया खल्वाटोला वडा नं.०९ माबस्ने (ना.प्र.न.३४१०७५/२७९,जारी मिति २०६७/०७/१०, पर्सा) बर्ष ३२ को **नन्दलाल साह कलवार** ।

३) रामचन्द्र प्रसाद कलवारकी बुहारी, **नन्दलाल साह कलवार**की पत्नी जिल्ला पर्सा, बिरगंज वडा नं. २५ बस्ने (ना.प्र.न. ३४-०१-७०-१२५७०,जारी मिति २०७०/११/१४ जि.प्र.का. पर्सा) बर्ष ३० की **चाँदनी कुमारी** ।

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्धौ)दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंककोसण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३बैशाख१७गतेबिहिबारदिउँसो ४:०० बजे सम्म ।**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३बैशाख२१गते सोमबार दिउँसो ४:०० बजे सम्म(१६,१७,१८ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन)।**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर), बर्दिबास ,बरहथवा ।


# १० हजार बढी अनलाइन सट्टेबाजी एप र वेबसाइट बन्द




**काठमाडौं ।**
अनलाइन सट्टेबाजीसँग सम्बन्धित १० हजारभन्दा बढी एप्लिकेसन (एप) र वेबसाइट (यूआरएल)बन्द गरिएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गरिएको हो ।
‘सबैजसो इन्टरनेट सेवा प्रदायकले हालसम्म १० हजारभन्दा बढी यस्ता एप र वेबसाइट बन्द गरिसकेको जानकारी गराएका छन् । नेपाल टेलिकमले सबैभन्दा धेरै २१ हजारभन्दा बढीको सङ्ख्यामा बन्द गरेको छ, यस्ता एप र वेभसाइट निरन्तर पहिचान गर्ने र बन्द गर्ने क्रम चलिरहेको छ’, लामिछानेले भने ।
सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा यस्तो कदम चालेको हो । मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने व्यवस्था गरिएको छ ।
सोही निर्णयअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चैत १५ गते मन्त्रीस्तरबाट नेपाल दूरसञ्चार प्राधिकरणलाई आवश्यक निर्देशन दिएको थियो । उक्त निर्देशनपछि प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको जनाएको छ ।
मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा ९४० अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन नपाइने व्यवस्था छ । उक्त प्रावधान उल्लङ्घन गरेमा सोही दफाको उपदफा (६) अनुसार प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा १० हजारसम्म जरिवाना हुनसक्ने व्यवस्था छ । त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले समेत जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिठ्ठा किन्न–किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ । सो विपरीत कसुर गरेमा प्रचलित कानुनअनुसार सजाय हुने र अन्यथा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुने प्रावधान रहेको छ ।
सरकारले नेपालभर सञ्चालनमा रहेका सट्टेबाजी एप तथा वेबसाइट प्रयोग नगर्न तथा सञ्चालन नगर्न आग्रह गरेको छ । साथै, कसैले अनधिकृत रूपमा यस्ता गतिविधि सञ्चालन वा प्रयोग गरेको पाइएमा सम्बन्धित निकायबाट कडा कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ । प्राधिकरणले नागरिकलाई सचेत रहन, यस्ता अवैध डिजिटल गतिविधिबाट टाढा रहन तथा कुनै पनि शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ । रासस

## भाडा वृद्धि प्रभावः

# सिमरा–काठमाडौं उडानमा ६५% यात्रु घटे

**मधेशदृष्टि**
**सिमरा।**

सिमरा–काठमाडौं हवाई रुटमा यात्रु संख्या उल्लेख्य रूपमा घटेको छ। हवाई इन्धनको मूल्य बढेसँगै भाडा वृद्धि भएपछि यो रुटमा करिब ६५ प्रतिशत यात्रु घटेको नागरिक उड्डयन कार्यालय सिमराले जनाएको छ। दैनिक पाँच उडान सञ्चालन हुने यस रुटमा विगतमा ५ देखि ६ सय यात्रुले सेवा लिँदै आएका थिए। तर हाल दैनिक करिब २ सयको हाराहारीमा मात्रै यात्रु हुने गरेका छन्। इन्धनको मूल्य वृद्धिका कारण भाडामा करिब १ हजार १ सय रुपैयाँले वृद्धि भएको छ। अहिले सिमरा–काठमाडौं भाडा ५ हजार ५५० रुपैयाँ र काठमाडौं–सिमरा भाडा ५ हजार १५० रुपैयाँ कायम छ। पछिल्ला केही सातादेखि बुद्ध ऐयरका एटिआर–७२ जहाजले पूर्ण क्षमतामा यात्रु पाउन सकेका छैनन्। सामान्यतया १५ मिनेटको उडानमा काठमाडौंबाट सिमरा आउने विमानमा बढीमा २५ यात्रु मात्रै हुने गरेका छन् भने फर्कँदा करिब ३० यात्रु लिएर उड्ने गरेका छन्। सिमरा विमानस्थलस्थित बुद्ध एयरका कार्यालय प्रमुख सुरेश रेग्मीका अनुसार पछिल्ला दुई सातामा उडानको औसत अकुपेन्सी करिब ५० प्रतिशतमा सीमित भएको छ। उनका अनुसार जेनजी आन्दोलनपछि यात्रु घट्न सुरु भए पनि इन्धन मूल्य वृद्धिसँगै भाडा बढ्दा मध्यम वर्गीय यात्रुहरू हवाई सेवाबाट टाढिँदै गएका छन्।



पथलैया–वीरगंज औद्योगिक कोरिडोरमा रहेको सिमरा विमानस्थल राजनीतिक तथा व्यावसायिक आवतजावतका लागि महत्वपूर्ण केन्द्रका रूपमा चिनिँदै आएको थियो। तर नयाँ सरकार गठनपछि पुराना दलका नेता–कार्यकर्ताको काठमाडौं आवतजावत घट्दा पनि यात्रु संख्या प्रभावित भएको छ। यस्तै, सिमराबाट काठमाडौं सडकमार्ग हुँदै करिब चार घण्टामा यात्रा गर्न सकिने विकल्प सहज भएकाले अत्यावश्यक बाहेकका यात्रुहरूले महँगो हवाई सेवा छाडेर सडक मार्ग रोज्न थालेका छन्।

चुरीयामाई ट्राभल्स सिमराका रोहित साहका अनुसार भाडा बढेपछि नियमित हवाई यात्रुहरू समेत सडकमार्गतर्फ सर्न थालेका छन्। बारा, पर्सा, रौतहट र मकवानपुरको हेटौंडासम्मका यात्रुहरूले सेवा लिँदै आएको सिमरा विमानस्थलमा हाल बुद्ध एयरले मात्रै एटिआर–७२ मार्फत दैनिक पाँच उडान सञ्चालन गरिरहेको छ। यसअघि सेवा दिँदै आएका यति एयर, श्री एयरलाइन्स, सौर्य एयरलाइन्स र नेपाल एयरलाइन्सले भने उडान बन्द गरिसकेका छन्।

## नेपाल–भारत सहयोगमा विद्यालयको नयाँ भवन शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज।**

पोखरिया नगरपालिका–६ स्थित श्री महोबनी पदमा माध्यमिक विद्यालयमा नयाँ शैक्षिक भवन निर्माणका लागि शिलान्यास गरिएको छ। नेपाल–भारत मैत्री सहयोगअन्तर्गत निर्माण हुन लागेको उक्त भवनको मंगलबार भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत देवी सहाय मिना र पोखरिया नगरपालिकाका नगर प्रमुख प्रदुमन प्रसाद चौहानले संयुक्त रूपमा शिलान्यास गरेका हुन्। करिब ७ करोड २५ लाख रुपैयाँ लागतमा निर्माण हुने तीन तल्ले आधुनिक भवनका लागि नेपाल–भारत विकास सहयोग कार्यक्रममार्फत भारत सरकारले ६ करोड ५३ लाख रुपैयाँ सहयोग गर्नेछ भने बाँकी ७२ लाख रुपैयाँ पोखरिया नगरपालिकाले व्यहोर्ने जनाएको छ।

शिलान्यास समारोहमा प्रमुख अतिथि महावाणिज्यदूत मीनाले शिक्षा क्षेत्रको विकास, भौतिक पूर्वाधार विस्तार तथा नेपाल–भारतबीचको सहकार्यलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरे। त्यसैगरी, नगर प्रमुख चौहानले उक्त परियोजना दुई देशबीचको प्रगाढ सम्बन्ध र शैक्षिक सहकार्यको महत्वपूर्ण उदाहरण भएको उल्लेख गर्दै द्विपक्षीय मैत्रीलाई सुदृढ बनाउन महावाणिज्यदूत मीनाको भूमिका प्रशंसनीय रहेको बताए। कार्यक्रममा स्थानीय जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक–शिक्षिका, विद्यार्थी तथा अभिभावकहरूको उल्लेख्य सहभागिता रहेको थियो।

## वातावरण संरक्षणमा सक्रिय सहभागिता आवश्यकः सभामुख



**जनकपुरधाम।**

मधेस प्रदेशसभाका सभामुख रामआशिष यादवले मिथिलाको लोकपर्व जुडशितलको शुभ अवसरमा बुधबार जनकपुरधामस्थित गंगासागर पोखरीको डिलमा कपुरको वृक्षरोपण गर्दै वातावरण संरक्षण र हरियाली प्रवद्र्धनमा सबैको सक्रिय सहभागिता आवश्यक रहेको बताएका छन्।

वृक्षरोपणपछि आयोजित कार्यक्रममा सभामुख यादवले परम्परागत चाडपर्वहरूलाई वातावरणमैत्री गतिविधिसँग जोड्नु समयको आवश्यकता भएको उल्लेख गर्दै वृक्षरोपणले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सहयोग पुग्ने बताए। उनले मिथिला क्षेत्रका मौलिक संस्कार र संस्कृतिसँग प्रकृति संरक्षणको गहिरो सम्बन्ध रहेकाले यस्ता अभियानलाई निरन्तरता दिनुपर्ने विचार व्यक्त गरे।

सो अवसरमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहले नगरलाई हरित र स्वच्छ बनाउने लक्ष्यअनुरूप वृक्षरोपण अभियानलाई प्राथमिकतामा राखिएको बताए। उनले जुडशितलजस्ता पर्वले सामाजिक एकता र वातावरणीय चेतना दुवै प्रवद्र्धन गर्ने भएकाले यस्ता कार्यक्रमलाई व्यापक बनाइने जानकारी दिए।

मेयर साहले नगर क्षेत्रका सार्वजनिकस्थल, सडक किनार र जलाशय आसपास हरियाली विस्तार गर्न योजनाबद्ध रूपमा वृक्षरोपण अभियान सञ्चालन गरिने उल्लेख गर्दै स्थानीयवासीलाई पनि यसमा सहभागिता जनाउन आह्वान समेत गरे। रासस

## आगो निभाउन जाँदै गरेको बारुणयन्त्र दुर्घटना

**मधेशदृष्टि**
**वीरगंज।**

पर्साको महुवन क्षेत्रमा लागेको आगो निभाउन जाँदै गर्दा सखुवा प्रसौनी गाउँपालिकाको बारुण यन्त्र दुर्घटनामा परेको छ। गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै दुर्घटनामा एक जना कर्मचारी घाइते भएको र हाल उनी उपचाररत रहेको बताएका छन्।

अध्यक्ष यादवका अनुसार आगलागी नियन्त्रणका लागि जाँदै गर्दा भएको उक्त दुर्घटनापछि घाइते कर्मचारीको उपचार भइरहेको छ। उनले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सबैलाई सकारात्मक सोच राख्न र आवश्यक सहयोग गर्न आग्रह गरेका छन्।

## मानसिक यातनाबाट प्रभावित विरामीको संख्यामा वृद्धि

**मधेशदृष्टि**
**वीरगंज।**

मधेश प्रदेशमा मानसिक यातनाबाट प्रभावित बिरामीहरूको संख्या उल्लेख्य रूपमा बढ्दै गएको तथ्यांक सार्वजनिक भएको छ।

प्रादेशिक अस्पताल जनकपुरधामस्थित एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) का अनुसार पछिल्लो नौ महिनामा सेवा लिन आएका ८८१ पीडितमध्ये करिब ५० प्रतिशत मानसिक यातनाबाट प्रभावित रहेका छन्। तीमध्ये ४०१ जना मानसिक समस्या सम्बन्धी रहेका छन्, जसमा अधिकांश महिला छन्। केन्द्रका अनुसार अधिकार तथा स्रोतबाट वञ्चित हुने २८३, शारीरिक चोटपटकका ७९, यौनजन्य दुव्र्यवहारका ८४ तथा जबरजस्तीकरणीका १२ घटना दर्ता भएका छन्। अधिकांश पीडित १९ देखि ४९ वर्ष उमेर समूहका रहेका छन्। सेवा लिनेमध्ये ३९१ जनालाई थप उपचारका लागि अस्पताल रिफर गरिएको छ भने ५०६ जनाले मनोपरामर्श सेवा लिएका छन्।

जिल्लागत रूपमा सबैभन्दा बढी धनुषाबाट ५१७ जना रहेका प्रतिवेदनमा उल्लेख छ।

## कालिकामाई–१ वडा कार्यालय भवनको उद्घाटन



**मधेशदृष्टि**
**वीरगंज।**

पर्साको कालिकामाई गाउँपालिका वडा नं. १ को नवनिर्मित वडा कार्यालय भवनको एक समारोहबीच उद्घाटन सम्पन्न भएको छ।

जिल्ला समन्वय समितिका प्रमुख अजय सर्राफ तथा उपप्रमुख पुरण प्रसाद कुर्मीले संयुक्त रूपमा भवनको उद्घाटन गरेका थिए।

समारोहलाई सम्बोधन गर्दै जिल्ला समन्वय समितिका प्रमुख अजय सर्राफले शिक्षाको विकास र भौतिक पूर्वाधार सुदृढीकरणमा विशेष जोड दिनुपर्ने बताए। उनले सोही अवसरमा विद्यालयको थप विकासका लागि जिल्ला समन्वय समितिको तर्फबाट ५० लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरे।

त्यस्तै, उपप्रमुख पुरण प्रसाद कुर्मीले स्थानीय तह र समुदायबीचको सहकार्यबाट शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सकिने उल्लेख गरे। उनले नवनिर्मित भवनले विद्यार्थीहरूलाई अझ राम्रो र सहज वातावरणमा अध्ययन गर्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गरे।

## टिभिएसको स्मार्ट एक्सचेन्ज मेला जारी
### एक ग्राहकले जिते सुनको सिक्का




**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधाममा टिभिएसको स्मार्ट एक्सचेन्ज मेला जारी छ। नयाँ वर्षलाई लक्षित गरी जगदम्बा मोटर्सले वैशाख १ गतेदेखि शुरु भएको यो मेला वैशाख ६ गतेसम्म चल्ने छ।

पुराना मोटरसाइकल तथा स्कुटर प्रयोगकर्तालाई लक्षित गर्दै ल्याइएको उक्त मेलामार्फत सस्तो र सहज तरिकाले नयाँ सवारीसाधन खरिद गर्न सकिने गरी मेलाको आयोजना गरिएको आर्यन अटो मोबाइल्सका संचालक रामबालक महतोले जानकारी दिए। मेलामा नागरिकता र सवारी चालक अनुमतिपत्रका आधारमा सहज किस्ताबन्दी (फाइनान्स) सुविधा पनि उपलब्ध गराइएको उनले बताए।

यस अघि टिभिएसकै सुनको सगुन अफर अन्तर्गत सुनको सिक्का जित्ने विजेतालाई पुरस्कार प्रदान गरिएको छ। गत फागुन महिनामा टिभिएसको बाइक लिएका नगराइन नगरपालिका ८ खिरखिरियाका मिन्टु यादवलाई पुरस्कार प्रदान गरिएको थियो। त्यस्तै मेला अन्तर्गत टिभिएसको अपाचे बाइक किनेका जनकपुरधाम २४ बसहियाका त्रीचन्दन सहनीले प्राप्त गरेका २५ हजार छुट रकमको चेक समेत हस्तान्तरण गरिएको आर्यन अटो मोबाइल्सका संचालक महतोले बताए।

मेलामा नयाँ बाइक किन्ने ग्राहकलाई ५ लाखसम्मको छुट, कैश डिस्काउन्ट, ५ वर्षसम्म लकी ड्र मार्फत विजेता २ ग्राहकलाई पेट्रोलको सुविधा समेत राखिएको जगदम्बा मोटर्सका उपाध्यक्ष दीपक रौनियारले बताए।

## निषाद समुदायको उत्थानका लागि पहल गर्न प्रमसँग आग्रह

**मधेशदृष्टि**
**वीरगंज।**

पर्साबाट समानुपातिक रूपमा निर्वाचित सांसद सुनिता कुमारी चौधरी निषादले प्रधानमन्त्रीसँग भेट गर्दै निषाद समुदायको समग्र उत्थानका लागि विशेष पहल गर्न आग्रह गरेकी छन्। प्रधानमन्त्रीसँगको भेटमा उनले आफू निषाद समुदायको प्रतिनिधित्व गर्दै आएको उल्लेख गर्दै यस समुदायभित्र बिन, मल्लाह, केवट र नूनिया गरी चार जाति समावेश रहेको र यी जातिहरू २७ वटा थरमा परिचित रहेको जानकारी गराइन्।

उनका अनुसार निषाद समुदाय प्रायः नदी, खोला, नाला, पोखरी तथा तलाउ आसपास बसोबास गर्दै पानीमा आधारित पेशाबाट जीवनयापन गर्दै आएको छ, जसमा माछा मार्ने र बिक्री गर्ने मुख्य पेशा रहेको छ। सांसद चौधरीले निषाद समुदाय अशिक्षा, गरिबी र सामाजिक उपेक्षाको चपेटामा परेको उल्लेख गर्दै राज्यबाट





उपलब्ध हुने अनुदान, कृषि ऋण तथा अन्य स्रोत–साधनमा गैर–निषाद समुदायको पहुँच बढी रहेको गुनासो गरिन्। यसले गर्दा समुदाय झन् कमजोर बन्दै गएको र वर्तमान अवस्थामा दलित समुदायभन्दा समेत दयनीय अवस्थामा पुगेको उनको भनाइ छ।

उनले निषाद समुदायको प्रमुख पेशा रहेको मत्स्य पालनलाई संरक्षण र प्रवद्र्धन गर्न राज्यले विशेष कार्यक्रम ल्याउनुपर्नेमा जोड दिँदै समुदायको जीवनस्तर उकास्न ठोस पहल आवश्यक रहेको बताइन्। साथै, देशको समग्र विकासका लागि सबै समुदायको समान अवसर र पहुँच सुनिश्चित हुनुपर्ने धारणा राख्दै उनले करिब ६ लाख जनसंख्या रहेको निषाद समुदायलाई जनजाति क्लस्टरमा समावेश गरी आरक्षणको व्यवस्था गर्न माग गरिन्। यसबाट निषाद समुदायको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक सशक्तीकरणमा टेवा पुग्ने विश्वास उनले व्यक्त गरिन्।

## मानवअधिकार रक्षकहरुको अवस्था र चुनौतिबारे छलफल




**मधेशदृष्टि**
**वीरगंज।**

मानव अधिकार रक्षकहरूको वर्तमान अवस्था, उनीहरूले भोगिरहेका चुनौती तथा सरोकारवालाहरूको भूमिकाबारे छलफल कार्यक्रम बुधवार वीरगंजमा सम्पन्न भएको छ। कोक्यापको आयोजनामा सम्पन्न कार्यक्रममा 'साथ–साथ सिकाइ सञ्जाल' का संयोजक तथा दलित महिला संघ पर्साकी कार्यकारी निर्देशक निला रामले कार्यपत्र प्रस्तुत गरेकी थिइन्।

छलफलमा कोक्यापकी अन्जु कंडेल, संरक्षण अधिकृत पबित्रा कार्की, नारायणी अस्पताल वीरगञ्जकी प्रसूति गृह प्रमुख हेमा थापा, वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबु सिंह, पोखरिया नगरपालिकाकी पूर्व उपमेयर सलमा खातुन, जिल्ला प्रहरी कार्यालय पर्साको महिला सेलका प्रतिनिधि, सञ्चारकर्मी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको आथित्य थियो।

कार्यक्रममा सहभागी महिलाहरूले पीडित महिला तथा किशोरीहरूको सुरक्षाका लागि सुरक्षित आवास (सेफ हाउस÷सेफ होम) को अभाव प्रमुख चुनौतीको रूपमा रहेको बताएका थिए। उनीहरूले सबैभन्दा पहिले सुरक्षित आवासको व्यवस्थापन हुनुपर्नेमा जोड दिँदै, त्यस्तो व्यवस्था भएपछि हिंसापीडित किशोरी तथा बालबालिकालाई संरक्षण र पुनस्र्थापनामा सहजता हुने धारणा राखेका थिए।

सम्पादकीय

# मधेश प्रदेशमा सत्ता समीकरणको चुनौती

मधेश प्रदेशको राजनीतिमा पछिल्लो समय देखिएको अस्थिरता र सत्ता साझेदार दलहरूबीचको असन्तुष्टिले प्रदेश सरकारको भविष्यमाथि प्रश्नचिन्ह खडा गरेको छ। विशेषगरी, मुख्यमन्त्री कृष्ण यादव र आफ्नै पार्टीका अर्थमन्त्री भरत यादवको कार्यशैलीप्रति सत्तारुढ गठबन्धनकै प्रमुख घटक जनमत पार्टीले गम्भीर असन्तुष्टि व्यक्त गरेको छ। यो असन्तुष्टि केवल मन्त्रालय बाँडफाँड वा सामान्य मतभेदमा सीमित नभई सरकार सञ्चालनको समग्र प्रक्रिया र नीतिगत निर्णयहरूसँग जोडिएको देखिन्छ, जसले प्रदेशको राजनीतिक वातावरणलाई थप जटिल बनाएको छ।

जनमत पार्टीको असन्तुष्टि मुख्यमन्त्रीको चयन प्रक्रियादेखि नै सुरु भएको थियो। मुख्यमन्त्री लिँदा पनि जनमत पार्टीले आफ्नो भूमिका र हिस्सेदारीलाई लिएर असहमति जनाएको थियो। सरकार गठनको समयमा भएका सहमति र समझदारीहरू पूर्ण रूपमा पालना नभएको जनमतको आरोप छ। मुख्यमन्त्री यादवले एकलौटी ढंगले निर्णय गर्ने र गठबन्धनका साझेदारहरूसँग पर्याप्त समन्वय नगर्ने प्रवृत्तिले जनमत पार्टीलाई किनारामा धकेलेको महसुस भएको छ। यसले गर्दा जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिने वा मन्त्रीहरूलाई फिर्ता बोलाउने जस्ता कदमहरू चाल्न सक्ने सम्भावना बढेको छ। जबकि अर्थमन्त्री आफ्नै पार्टीको हुँदा पनि जनमत सन्तुष्ट छैन।

अर्थमन्त्री भरत यादवको कार्यशैलीप्रति पनि जनमत पार्टीको असन्तुष्टि उत्तिकै मुखर छ। बजेट निर्माण र विनियोजन प्रक्रियामा जनमत पार्टीका मुद्दालाई बेवास्ता गरिएको गुनासो उनीहरूको छ।

अर्थमन्त्रीले आफ्ना निकटस्थहरूलाई मात्र प्राथमिकता दिएको र प्रदेशको समग्र विकासका लागि आवश्यक योजनाहरूमाथि ध्यान नदिएको र पार्टी बदनाम भइरहेको जनमत पार्टीको बुझाइ छ। यसअघि पनि मधेश प्रदेशमा बजेटलाई लिएर विवादहरू उत्पन्न भएका थिए, जसले सरकारको स्थायित्वमाथि चुनौती थपेको थियो। अर्थमन्त्रीको कार्यशैलीले जनमत पार्टी र सरकारबीचको दूरी झनै बढाएको छ।

मधेश प्रदेशमा यसअघि पनि छोटो समयमै धेरै सरकारहरू परिवर्तन भइसकेका छन्, जसले प्रदेशको विकास र सुशासनमा नकारात्मक असर पारेको छ। जनमत पार्टी जस्तो महत्वपूर्ण साझेदारको असन्तुष्टिले वर्तमान सरकारको स्थायित्वमाथि गम्भीर खतरा उत्पन्न गरेको छ। यदि जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएमा वा सरकारबाट बाहिरिएमा, मुख्यमन्त्री यादवले विश्वासको मत गुमाउन सक्ने र प्रदेश सरकार ढल्ने सम्भावना प्रबल छ। यसले मधेश प्रदेशलाई पुनः राजनीतिक अस्थिरताको चक्रमा धकेल्नेछ, जसको प्रत्यक्ष असर प्रदेशका जनतामा पर्नेछ।

अतः मधेश प्रदेशको वर्तमान राजनीतिक संकटलाई समाधान गर्न मुख्यमन्त्रीले जनमत पार्टी लगायत अन्य सत्ता साझेदार दलहरूसँग तत्काल वार्ता र संवादको माध्यमबाट विश्वासको वातावरण सिर्जना गर्नुपर्छ। जनमत पार्टीका जायज मागहरूलाई सम्बोधन गर्दै सरकार सञ्चालनमा सबैको सहभागिता सुनिश्चित गर्नु अपरिहार्य छ। अन्यथा, सत्ताको मुखै रातो भने झैं जनमत पार्टीको असन्तुष्टिले गर्दा मधेश प्रदेशमा फेरि सत्ता ढल्ने र राजनीतिक अस्थिरताले निरन्तरता पाउने जोखिम उच्च छ। प्रदेशको विकास र जनताको हितका लागि स्थिर र प्रभावकारी सरकारको आवश्यकता अहिलेको प्रमुख चुनौती हो।

# आरोग्य पर्यटन प्रवर्द्धनमा नयाँ आयाम



कृष्ण अधिकारी/रासस

वर्तमान सरकारले शासकीय सुधारका लागि तयार गरेको कामको सूचीमा आरोग्य पर्यटनलाई आर्थिक रूपान्तरणको राष्ट्रिय एजेन्डासहित नेपालको योग र प्राकृतिक चिकित्सा पर्यटनलाई अन्तर्राष्ट्रिय रूपमा चिनाउने योजना अघि सारेको छ। सरकारले हालै सार्वजनिक गरेको शासकीय सुधारका लागि एक सय कार्यसूचीको ७३ नं बुँदामा नेपाललाई आरोग्य पर्यटन (पूर्वीय दर्शन, ध्यान, योग, प्राकृतिक चिकित्सालगायत) को 'हब' बनाउन १५ दिनभित्र आरोग्य पर्यटन रणनीति जारी गर्ने उल्लेख गरेको छ। साथै, नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घको महासभाले हरेक वर्ष अप्रिल १५ लाई अन्तराष्ट्रिय आरोग्य दिवस मनाउने निर्णय गरेकामा उक्त प्रस्तावमा मतदान गर्ने सबै सदस्य राष्ट्रहरुलाई धन्यवाद ज्ञापन गरिएको छ। आरोग्य पर्यटनलाई प्रवर्द्धन गर्न 'नेपाल वेलनेस इयर २०२७' मनाउन अन्तरनिकाय संयन्त्र बनाउने निर्णयले नेपाललाई आरोग्य पर्यटनको केन्द्रको रुपमा स्थापित गर्न बाटो खुलेको छ।

औषधि विज्ञानका क्षेत्रमा आज विश्वमा अनेक खोज अनुसन्धानहरुसँगै नयाँनयाँ रोगको सङ्क्रमण पनि उत्तिकै बढ्दै जाँदा आधुनिक चिकित्सा पद्धतिले आम मानिसलाई पूर्ण स्वास्थ्यको सुनिश्चित गर्न सकेको छैन। निदानात्मक उपचार पद्धतिबाट कुनै रोगको उपचार हुन सके पनि त्यसको नकारात्मक असरबाट अर्को स्वास्थ्य समस्या देखिन जाँदा मानिसलाई पूर्ण निरोगी तुल्याउन कठिन भएको छ। वास्तवमा स्वास्थ्यलाई केवल उपचारको विषयका रूपमा मात्र नभई समग्र जीवनशैली र सामाजिक प्रणालीसँग जोडेर हेर्नुपर्ने हुन्छ। मानिसको स्वास्थ्य स्थिति आन्तरिक सन्तुलन, सचेतना, स्वजागरण र आरोग्यबाट सुरु हुन्छ।

पछिल्लो समय स्वास्थ्यलाई केवल रोग नलाग्नुको अवस्था मात्र नभई समग्र कल्याणको अवस्थाका रूपमा परिभाषित गरेको छ। दिगो र सुदृढ समाज निर्माणका लागि रोकथाममुखी स्वास्थ्य सेवा, स्वस्थ जीवनशैलीको प्रवर्द्धन तथा सबैलाई पहुँच हुने समावेशी स्वास्थ्य प्रणाली विकासमा जोड दिन थालिएको छ। यहाँ स्वास्थ्य भन्नाले शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, भावनात्मक तथा पर्यावरणीय पक्षसहितको समग्र सन्तुलित अवस्थालाई जनाउँछ। आधुनिक उपचार पद्तिभन्दा पनि रोग नलाग्ने अवस्था मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा पर्यावरणीय सन्तुलनसहितको समग्र कल्याणका रूपमा राख्न पूर्वीय सभ्यतामा आधारित आरोग्यता जरुरत हुने तथ्यलाई विश्वव्यापी रुपमा स्वीकार गर्न थालिएको छ।

**राष्ट्र सङ्घद्वारा नेपालको प्रस्ताव स्वीकार**

नेपालले प्रस्ताव गरे अनुसार समग्र स्वास्थ्य, सुख र सन्तुलित जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको महासभाले गत मार्च १० मा हरेक वर्ष अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने प्रस्ताव पारित गरेसँगै देशमा आरोग्य पर्यटन (वेलनेस टुरिजम) प्रवर्द्धनले थप गति लिने विश्वास गरिएको छ। यसलाई नेपालका लागि कूटनीतिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ। सस्तो, सुलभ र समावेशी स्वास्थ्य अभ्यास अवलम्बन गर्न सबैलाई प्रेरित गर्नु नै यो दिवसको मुख्य लक्ष्य हो। यसले स्वस्थ जीवनशैली, मानसिक स्वास्थ्य संरक्षण तथा प्रकृतिसँग सन्तुलित जीवन बिताउन विश्व समुदायलाई प्रेरित गर्नेछ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा आरोग्यको अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्यसहित यो प्रस्ताव अघि सारेको हो। महासभाबाट प्रस्ताव पारित भएसँगै आरोग्यसम्बन्धी अवधारणालाई विश्वव्यापी रूपमा संस्थागत गर्ने दिशामा महत्वपूर्ण कदमका रुपमा लिन सकिन्छ। नेपालले प्रस्तुत गरेको अवधारणाले विश्वव्यापी स्वास्थ्य बहसलाई नयाँ आयाम दिने विश्वास गरिएको छ।

महासभामा प्रस्ताव पारित भएपछि यसले विश्व समुदायलाई समग्र स्वास्थ्य दृष्टिकोण अपनाउन प्रेरित गरेको छ। साथै, विश्वभर सुदृढ र दिगो समाज निर्माणका लागि रोकथाममुखी स्वास्थ्य सेवा, स्वस्थ जीवनशैली तथा समावेशी स्वास्थ्य प्रणाली प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा पनि जोड दिएको छ। यस प्रस्तावले विश्वभर स्वास्थ्य प्रवर्द्धनका लागि बहुआयामिक दृष्टिकोण अपनाउन मार्गनिर्देशन गर्नुका साथै योग, ध्यान र प्राकृतिक उपचारमा आधारित आरोग्य पर्यटन प्रवर्द्धनमा समेत नेपाललाई महत्वपूर्ण अवसर प्राप्त भएको छ।

विश्वव्यापी रुपमा आरोग्य पर्यटनको महत्वपूर्ण हिस्साको रुपमा प्रवर्द्धन गर्न सकिने र यसबाट नेपाली पर्यटन परिदृश्यको गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ। यसबाट नेपाल आउने पर्यटकको संख्या वृद्धि हुने, पर्यटकको औसत बसाई लम्बिने र पर्यटकको दैनिक खर्चमा समेत वृद्धि भई मुलुकको अर्थतन्त्रमा समेत उल्लेख्य सुधार आउने विश्वास गर्न सकिन्छ। स्वास्थ्यलाई बहुआयामिक रूपमा बुझ्ने र त्यसअनुसार नीति तथा कार्यक्रम विकास गर्ने दिशामा यस्तो अन्तर्राष्ट्रिय पहल प्रभावकारी हुन सक्छ। आरोग्य पर्यटनको प्रस्तावक राष्ट्रको हैसियतमा विश्व पर्यटन बजारमा नेपाल प्रमुख स्रोत गन्तव्यको रुपमा स्थापित हुने भएकाले नवीन सोच, प्रभावकारी कार्यक्रम र परिणाममुखी व्यवस्थापनमार्फत नेपाललाई आरोग्य पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न सम्बद्ध सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षको सक्रियता आवश्यक पर्दछ। विशेषगरी स्वास्थ्य सेवामा समान पहुँच, रोगको रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्यका विषयलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने हुन्छ। यसका लागि सरकार, अन्तर्राष्ट्रिय संस्था तथा समुदायबीच सहकार्य बढाउँदै स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी बनाउनु पर्ने हुन्छ।

**आरोग्य पर्यटनको सम्भावना**

आरोग्य पर्यटनलाई नेपालले 'सफ्ट पावर' का रूपमा प्रयोग गर्न सक्ने अवसर रहेको छ। ध्यान, योग र प्राकृतिक चिकित्सासहितको आरोग्य पर्यटनले राष्ट्रिय गौरव जोगाउन र मानव कल्याणयुक्त पर्यापर्यटनको विकासमा सहयोग पुग्नेछ। प्राकृतिक सम्पदा, सांस्कृतिक धरोहर, परम्परागत चिकित्सा प्रणाली र आध्यात्मिक शक्तिजस्ता आधारहरुले नेपाल आरोग्य पर्यटनका लागि विश्वमै प्रमुख गन्तव्य स्थल बन्न सहयोग पुग्दछ। यहाँको भौगोलिक विविधता, योग र ध्यानको केन्द्र, आयुर्वेदिक जडीबुटी र परम्परागत उपचार पद्धति, धार्मिक सहिष्णुता, सांस्कृतिक सम्पदा, स्वच्छ पानी र जैविक खाद्य प्रणाली नै आरोग्य पर्यटनका लागि उपयुक्त आधारहरु हुन्।

'आरोग्य नै समृद्धिको आधार हो' भन्ने लक्ष्यका साथ हाम्रा नीति, योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न सक्दा विश्व समुदायबाट राम्रो लाभ लिन सकिने अवसर रहेको छ। आज विश्वभर आरोग्य उद्योग तीव्र गतिमा विस्तार भइरहेको छ। ग्लोबल वेल्नेस इन्स्टिच्युटका अनुसार सन् २०२४ मा विश्व आरोग्य अर्थतन्त्र ६.७६ ट्रिलियन अमेरिकी डलर पुगेको छ, जुन सन् २०१९ को ४.९९ ट्रिलियन डलरको तुलनामा करिब १३४.४ प्रतिशतले बढी हो। सन् २०२९ मा यो ९.७५ ट्रिलियन अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। यसमा थोरै अंश भए पनि प्राप्त गर्न सक्दा नेपालको समृद्धिमा ठूलो योगदान पुग्दछ।

आज विश्व आपसी द्वन्द्व, अस्थिर राजनीति र धराशायी अर्थतन्त्रका कारण अशान्त, तनाव र अस्वस्थकर वातावरणमा गुज्रिन बाध्य भइरहेको अवस्थामा संयुक्त राष्ट्र सङ्घले नेपालको प्रस्तावलाई स्वीकार गरी मानवको समग्र आरोग्य र कल्याणलाई अन्तर्राष्ट्रिय एजेन्डामा स्थान दिनु अत्यन्त प्रेरणादायी र महत्वपूर्ण अवसर हो। नेपालले आरोग्य पर्यटनलाई आफ्नो राष्ट्रिय ब्रान्डका रूपमा स्थापित गर्न सकेको अवस्थामा आर्थिक समृद्धि मात्र होइन, विश्वलाई स्वास्थ्य, शान्ति र सन्तुलित जीवनशैली प्रदान गर्ने केन्द्रका रूपमा आफूलाई स्थापित गर्न सक्ने अवसर प्राप्त गरेको छ। अन्त्यमा नेपाललाई आरोग्य र आरोग्य पर्यटनको विश्व केन्द्रका रूपमा विकास गर्ने अभियानलाई सरकार, नागरिक समाज र आम नेपाली नागरिकको सामूहिक पहलमा अगाडि बढाउन सके मात्र मुलुकको दिगो समृद्धिको र विश्वमा नेपालको बलियो योगदानको मार्गप्रशस्त गर्न सकिन्छ।

आज नेपाललगायत विश्वभर "हिमालको चेतना, विश्वको आरोग्य" भन्ने नाराका साथ नेपाललगायत संसारभर आरोग्य दिवस मनाइँदैछ। जीवन विज्ञानले लामो समयदेखि नै विश्वभरका मानिसहरूको पूर्ण स्वास्थ्य र समग्र कल्याणका लागि योग, ध्यान र आरोग्यका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

त्यस्तै आरोग्य पर्यटनको क्षेत्रमा कार्य गरिरहेको होटल सङ्घ नेपालले नेपाल सरकारको नेतृत्वमा आरोग्य पर्यटनसम्बन्धी रणनीतिक अवधारणापत्र तयार गर्ने काममा सहकार्य गर्दै आएको छ। संयुक्त राष्ट्र सङ्घको आह्वानमा आज पहिलोपटक मनाउन लागिएको यस दिवसलाई केवल केवल औपचारिक रुपमा मात्रै नभए मौलिक ज्ञान, संस्कृति र जीवनशैलीलाई विश्वभर फैलाउने ऐतिहासिक अवसरका रूपमा लिनुपर्छ। आरोग्य पर्यटनलाई प्रवर्द्धन गर्न सरकारले सन् २०२७ लाई 'नेपाल वेलनेस इयर' मनाउने निर्णय गरिसकेको सन्दर्भमा स्वदेशभित्रै सबै सरोकारवाला निकायहरुले आवश्यक पूर्वाधार तयार गर्न र विश्वभर प्रचारप्रसार अभियान थालनीको रुपमा प्रतिज्ञा गर्ने क्षणका रुपमा पनि यस दिनलाई लिनुपर्दछ।

# थिमिको जात्राभित्रका जात्राहरु

लक्ष्मी गारु/रासस

बिस्का जात्रा भन्नेवित्तिकै भैलखः तान्ने र योसिंद्यः उभ्याउने जात्रा प्रसिद्ध भए पनि मध्यपुरथिमि क्षेत्रमा मनाइने जिब्रो छेड्ने जात्रा र स्विनिखः(बत्तीस खटको) जात्रा पनि उत्तिकै महत्वपूर्ण र प्रसिद्ध रहेको छ।

मध्यपुरथिमि क्षेत्रमा विशेषगरी वैशाख १ र २ गते बिस्का जात्रा हुने गरेको छ। यी जात्राहरु स्थानीय नेवारी भाषामा चान्हसिया जात्रा (रातको जात्रा), बाँल्हिसिया (बेलुकीको) जात्रा र सुँयसिया (बिहानको) जात्राको रुपमा परिचित रहेको छ। थिमिको जात्रामा विभिन्न ३२ देवी देवताको खट समावेश हुने भएकाले यसलाई स्विनिखः (बत्तीस) खटको जात्रा भन्ने गरिन्छ। जात्रालुहरुले एक आपसमा सिन्दुर लगाउने र सिन्दुरको व्यापक प्रयोग हुने भएकाले यस जात्रालाई सिन्दुर जात्राको रुपमा समेत लिइन्छ।

**स्विनिखःजात्रा**

स्थानीय बालकुमारी मन्दिर प्राङ्गणबाट वैशाख २ गते बिहान सुरु हुने जात्रालाई स्विनिखः (बत्तिस खटको) जात्रा भनिन्छ। थिमिको विस्का जात्राको मुख्य आकर्षण पनि यही जात्रा हो। यसलाई सुयसिया अर्थात् बिहानको जात्राका रुपमा लिने गरिन्छ। कुनै समय ३२ खटको सहभागिता हुने भएकाले यसलाई बत्तीस खटको जात्रा भने पनि अहिले विभिन्न कारणले यस जात्रामा २३ खटको सहभागिता रहने गरेको छ। यस जात्रामा मध्यपुरथिमि क्षेत्रका सिद्धिकाली गण, विष्णुवीर गण, दक्षिण बाराही गणलगायतका देवीदेवताको खट सहभागी हुने गर्दछ।

यो जात्रा प्रारम्भ गर्न सबै देवीदेवताको खट स्थानीय बालकुमारी मन्दिर परिसर आइसक्नु पर्दछ। नगदेशको सिद्धि गणेश आइसकेपछि एकापसमा सगुन साटासाटगरी जात्रा प्रारम्भ हुने परम्परा रहे पनि केही वर्षअघि भएको एक घटनाका कारण नगदेशको सिद्धिगणेश थिमि आउन बन्द भएपछि उनको सहभागिताबिना नै जात्रा सञ्चालन हुँदै आइरहेको छ।

**दक्षिण बाराही जात्रा**

यो जात्रा दधिकोट क्वाछेंस्थित दक्षिण बाराहीको नेतृत्वमा वैशाख १ गते राति सञ्चालन हुने गर्दछ। रातको समयमा हुने भएकाले स्थानीय भाषामा यसलाई चान्हसिया जात्रा पनि भनिन्छ।

यस जात्रामा दक्षिण बाराहीको साथमा दधिकोट हिंचोकस्थित हरिसिद्धी र थिमिको यमलाटोलको अजिमासहित तीन खटको सहभागिता रहन्छ। स्थानीय गुथियारको घरबाट सुरु हुने यो जात्राले दिगुटोल, लाय्कु इनायलाछि, मस्टोल, बालकुमारी चोक, शङ्खधर चोक, क्वाछेंलगायतको स्थानको परिक्रमा गर्दछ।

**सिद्धिकाली जात्रा**

स्थानीय इनायक्व टोलबाट सिद्धिकालीको नेतृत्वमा वैशाख १ गते साँझ सुरु हुन्छ। त्यसैले यसलाई स्थानीय भाषामा बाल्हिसिया अर्थात् बेलुकीको जात्रा पनि भन्ने गरिन्छ।

विष्णुवीर जात्रा प्रारम्भ भएलगत्तै स्थानीय राज गणेशको खट सिद्धिकाली आउँछ र यो जात्रा प्रारम्भ हुन्छ। यस जात्रामा सिद्धिकालीको नेतृत्वमा चोदे गणेश, चपाचो गणेश, क्वसी नाः गणेश, दिगु गणेश, गाँचा गणेश र सिवाः गणेशको सहभागिता रहन्छ।

**विष्णुवीर जात्रा**

वैशाख १ गते साँझ स्थानीय विष्णुवीर देवताको नेतृत्वमा सुँगाटोलबाट सुरु हुने यस जात्रामा पर्सिक्व गणेश, दताः गणेश, भादे गणेश, थाक्वमा गणेश र गाँताः गणेश गरी छ वटा खटको सहभागिता रहन्छ। यो जात्रा प्रारम्भ गर्न स्थानीय इनायलाछि टोलको राज गणेशको उपस्थिति अनिवार्य मानिन्छ। राज गणेशको उपस्थिति भएपछि जात्रा प्रारम्भ गरी कयकुताः, पाँगु, इनायलाछि, निगुपुखु, दिगुटोल, भुलाखेल, वाःननि, पोबू, चोदे, दथुटो, बाम्चुने, तछुटोल, सुंगाः टोल, मरुटोललगायतका स्थानको परिक्रमा गरिन्छ।

**सिद्धिगणेश जात्रा**

नगदेशको सिद्धिगणेश जात्रा अर्को महत्वपूर्ण र आकर्षण जात्रा हो। थिमि टोलका देवीदेवताहरुको खट बनाई जात्रा हुन्छ भने नगदेशमा सिद्धिगणेशको खट जात्रा मात्र गरिन्छ। जात्रामा नगदेशका हजारौंको जनसहभागिता हुने भएकाले यो जात्राको रौनक बेग्लै हुने गर्दछ।

सिद्धिगणेशको जात्रा वैशाख १ र २ गते दुई दिन सञ्चालन हुने गर्दछ। वैशाख १ गते राति हुने जात्रालाई स्थानीय भाषामा बाल्हिसिया जात्रा पनि भन्ने गरिन्छ। स्थानीय लायकुका प्रतिनिधिले सिद्धिगणेशलाई धनिचाः स्वाँ (एक प्रकारको विशेष फुल) चढाएपछि लाछिटोलबाट यो जात्रा प्रारम्भ हुन्छ। यसदिन खटलाई बहानि, लेंचा, छ्वासो, त्वाःगाः, पाचुनि, कुम्हाःलाछि, न्यागाः, गार्चालगायतको परिक्रमा गराई पुखुसिमा पुगेर सम्पन्न हुन्छ।

वैशाख २ गते बिहान अघिल्लो दिनमा झैं नगदेशका विभिन्न भागको परिक्रमा गरी सिद्धि गणेशलाई बहाखामिल सडक हुँदै सानुच्च पुर् याइन्छ। त्यहाँ नीलबाराहीसँग पूजा थाप्ने कार्य सम्पन्न गरी टिगनीको विभिन्न भागको परिक्रमा गरी नगदेशको न्याःगाः टोलस्थित द्यः छें प्राङ्गणमा पुगेर जात्रा सम्पन्न हुने गर्छ।

**जिब्रो छेड्ने जात्रा**

बोडेमा वैशाख २ गते धुमधामका साथ जिब्रो छेड्ने जात्रा गरिन्छ। बोडेमा जिब्रो छेड्ने जात्रा स्थानीय पाँचो गणेशको पूर्वपट्टि रहेको (बोडे उच्च माविको उत्तरपट्टि) मञ्चबाट सुरु गरिन्छ। जिब्रो छेड्ने कमी नाइके र नाइके प्रधानको उपस्थिति भएपछि नाय्खिं बाजा बजाएर सुरो बनाउने नकर्मीलाई लिन जान्छ। एक महिनासम्म तेलमा डुबाएर राखेको सुरो (जिब्रो छेड्ने सियो) सहित नकर्मी मञ्चमा आउँछ र पुनः नाय्खिं बाजासहितको टोली जिब्रो छेड्ने व्यक्तिलाई तीन पटकसम्म बोलाउन जान्छ। अन्तमा जिब्रो छेड्ने व्यक्ति परम्परागत पोशाकसहित मञ्चमा आउँछन्।

नाइके प्रधानले फूल, अक्षता र पैसासहित दिएको सुरो (नातु) ले कर्मी नाइकेद्धारा सम्पूर्ण देवतासंग प्रार्थना गरी जिब्रो छेड्ने कार्य गरिन्छ, त्यसपछि भ्यय् (जिब्रो छेड्ने व्यक्तिले बोक्ने चन्द्राकारको बत्ती, महादीप) बाल्छन्। नाय्खिं बाजाको साथमा जिब्रो छेड्ने व्यक्तिले उक्त भ्यय् बोकेर स्थानीय लाछिबाटि लायकु छें, पाचो, तांक्व, विष्णुघाट, भाँगु, दुवाः खाँसी, दःवु, न्हूमंला, खपला, दथुननी, सिचुननी, थिमिला क्वयननी टोल परिक्रमागरी स्थानीय महालक्ष्मी मन्दिरमा जान्छन्। जहाँ जात्रा गरी महालक्ष्मी स्थान पुर्याएको पाचो गणेशको रोहवरमा कर्मी नाइकेले सुरो निकाल्ने गरिन्छ र प्वाल भएको जिब्रोमा महालक्ष्मी मन्दिरको माटो राखिदिन्छ। निकालेको सुरोलाई नकर्मीले गणेश मन्दिरमा ठोकिदिन्छ। अन्तमा जिब्रो छेड्ने व्यक्तिले नाटेश्वरको पूजा गरी जात्रा विसर्जन गरिन्छ।

**नीलबाराही जात्रा**

थिमिको टिगनीमा निलबाराही जात्रा हुने गर्दछ। निलबाराहीको जात्रा वैशाख १ र २ गते दुई दिन सञ्चालन गर्छ। वैशाख १ गते राति स्थानीय तःधं टोलमा राखिएको निलबाराहीलाई सरस्वतीखेल पुर्याइन्छ। त्यहाँबाट फर्काएर पुनः तःधं टोलमा पुर्याएपछि जात्रा समापन हुन्छ।

वैशाख २ गते बिहान नीलबाराहीलाई नगदेशको सिद्धिगणेश र बोडेबाट टिगनी ल्याउने देवताहरुको बाटो हेरी स्वागत गर्न स्थानीय सानुच्वमा ल्याइन्छ। त्यहाँ सिद्धिगणेश र महालक्ष्मी गण सहभागितामा तिगनीको तःधं टोलस्थित डबलीमा बिसाइ पूजा थाप्ने कार्य हुन्छ। विभिन्न भागको परिक्रमा गरी जात्रा समापन गरिन्छ।

**कालिका गण जात्रा**

जिब्रो छेड्नेसँगै बोडेमा कालिका जात्रा हुन्छ। थिमिका अधिकांश जात्रा मूल देवताको नेतृत्वमा हुने गरे पनि बोडेको मूल देवता महालक्ष्मीभन्दा अघि पाचो गणेश राखेर जात्रा हुन्छ। बोडेवासीले कालिकालाई नगरको नकिंका रुपमा लिइने भएकाले जात्रामा कालिका सबैभन्दा पछाडि बस्ने गर्दछ। जात्रामा पाचो गणेश, हासिमला गणेश, भोरिखा गणेश, तःधं बाराही, चिं धिं बाराही, महालक्ष्मी, कालीकाको खट जात्रामा सहभागी हुन्छ। यो जात्रा पनि दुई दिन सञ्चालन हुने गर्दछ।

**चरखण्डी जात्रा**

दधिकोटस्थित चरखण्डीमा मनाउने चरखण्डी जात्रालाई थिमिकै बिस्का जात्राको रुपमा लिइन्छ। थिमिबाट बसाईसराइ गरी चरखण्डी पुगेकाहरुले यो जात्रा मनाइन्छ। वैशाख १ गते साँझ चरखण्डी तीर्थस्थलबाट खटलाई पकाण्डोलस्थित डबलीमा बिसाएपछि त्यस दिनको जात्रा समापन हुन्छ। वैशाख २ गते बिहान खटलाई जात्रा गर्दै चरखण्डी तीर्थस्थल लैजान्छ त्यहाँबाट न्यौपाने गाउँ, पैयाटार हुँदै गाम्चा क्षेत्रको परिक्रमापछि पुनः पकाण्डोलको मण्डपमा पुगेर जात्रा सम्पन्न हुन्छ।

**लोहकिल्थलीको सिद्धिकाली जात्रा**

लोहकिल्थलीमा वैशाख १ गते साँझ र २ गते बिहान गरी यहाँ पनि दुई दिन सिद्धिकालीको जात्रा गरिन्छ। वैशाख १ गते स्थानीय सिद्धिकाली द्यः छें परिसरबाट खटलाई स्थानीय गणेशमन्दिर परिसरमा पुर्याइन्छ। यसलाई 'द्यः ब्वयकेगु' अर्थात देवता प्रदर्शन गर्ने भनिन्छ। त्यसपछि खटलाई प्रजापति टोल, पुनः गणेश मन्दिर हुँदै दक्षिणकाली मन्दिर र दिव्यश्वरी मन्दिर परिसरहुँदै ह्याजुटोल, कुटुटोल र स्वास्थ्य चौकीसम्म पुर्याई सोही बाटो फर्काउँदै सिद्धिकाली मन्दिर परिसरमा खट बिसाएपछि जात्रा सम्पन्न हुन्छ।

वैशाख २ गते बिहान सबै टोलवासीहरुको घरघरबाट पूजा गरिसकेपछि जात्रा सुरु गरी खटलाई प्रजापति टोल, गणेश मन्दिर, दक्षिणकाली मन्दिर, लोहकिल्थली चोक, ह्याजु टोल, कुटु टोल, द्वारे टोल, हेका टोल, कवे टोलको विभिन्न देवी देवताको मन्दिर परिसर हुँदै पुनःसिद्धिकाली द्यःछें परिसरमा खट बिसाएपछि जात्रा सम्पन्न हुन्छ।

# सञ्चार मन्त्रालयमा नयाँ कार्यसंस्कृति लागू




**काठमाडौं ।**
सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नयाँ आचारसंहिता लागू गरेको छ । मन्त्रालय तथा मातहतका सबै निकायमा कार्यरत कर्मचारीका लागि लागू गरिएको नयाँ व्यवस्थाअनुसार अब कुनै पनि काम कर्मचारीको डेस्क वा प्रणालीमा आएपछि सोही दिन, त्यस दिन सम्भव नभएमा अर्को दिन अनिवार्य रूपमा सम्पन्न गर्नुपर्नेछ । मन्त्रालयका सहसचिव सुवासचन्द्र शिवाकोटीका अनुसार कर्मचारीलाई सुम्पिएको जिम्मेवारी छिटो र गुणस्तरीय ढङ्गले सम्पन्न गर्न यो व्यवस्थाले जवाफदेही बनाउनेछ । नयाँ नीतिअनुसार तोकिएको समयभित्र काम सम्पन्न हुन नसकेको कारण भएमा सम्बन्धित कर्मचारीले तत्काल आफ्नो सुपरिवेक्षकलाई जानकारी गराउनुपर्नेछ । यो व्यवस्थालाई प्रभावकारी बनाउन सबै कर्मचारीसँग प्रतिवद्धतापत्रमा हस्ताक्षर गराई सोको सुनिश्चितता गराउने जिम्मेवारी कार्यालय प्रमुखलाई दिइएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले स्रोतसाधनको प्रयोगमा मितव्ययीता अपनाउन मातहतका निकायलाई निर्देशन दिएको छ ।रासस

# पाँच वर्षमा स्वास्थ्यमा ८ प्रतिशत बजेट पुऱ्याउने सरकारको प्रतिबद्धता



**काठमाडौं ।**
सरकारले स्वास्थ्य क्षेत्रको बजेट हिस्सा विसं २०८८ सम्म आठ प्रतिशत पु¥याइने प्रतिबद्धता जनाएको छ । सरकारले बुधबार सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतामा पाँच वर्षमा स्वास्थ्य क्षेत्रमा आठ प्रतिशत बजेट पु¥याउने उल्लेख गरेको हो ।
विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार कुल बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गर्नुपर्ने हुन्छ । प्रतिबद्धतामा स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय तथा प्रत्येक नागरिकको पहुँच पुग्ने गरी विस्तार गरिने उल्लेख छ ।
'एक नागरिक एक डिजिटल स्वास्थ्य प्रोफाइल' लागू गरिनाका साथै छरिएर रहेका स्वास्थ्यसम्बन्धी सुविधा र सहुलियतलाई सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गरिने पनि उल्लेख गरिएको छ । यसैगरी प्रत्येक प्रदेशमा एक अत्याधुनिक अपाङ्गता पुनः स्थापना विशिष्टीकृत स्रोत केन्द्र स्थापना गरी एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिने उल्लेख छ ।
जलन पीडितलाई निःशुल्क उपचार सरकारले जलन पीडितलाई निःशुल्क र गुणस्तरीय उपचार तथा मानसिक स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पु¥याइने जनाइएको छ । प्रतिबद्धतामा ज्येष्ठ नागरिक तथा अशक्त नागरिकको घरदैलोमा आधारभूत स्वास्थ्य सेवा पु¥याइने, समग्र स्वास्थ्य प्रणाली सुधारका लागि आधारभूत स्वास्थ्यमा न्यूनतम मापदण्ड तयार गरी एकीकृत मोडल लागू गरिने, सङ्घ, प्रदेश र स्थानीय तहका स्वास्थ्य संरचनाको पुनः संरचना गरी स्वास्थ्यकर्मी, उपकरण, भवन तथा सेवाको वर्गीकरण गुणस्तर निर्धारण गरिने उल्लेख छ ।
ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विशेष प्राथमिकताका साथ सञ्चालन गरिने छ । प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सक प्रतिबद्धतामा प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तीमा एक जना चिकित्सा शिक्षामा स्नातकोत्तर तह उत्तीर्ण गरेका एमडिपिजी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराइने बताइएको छ ।
यस्तै, गरिब, मजदुर, किसान, अपाङ्गता भएका व्यक्तिको बिमा वा निःशुल्क उपचार तथा अनिवार्य श्रम गर्नेलाई निःशुल्क स्वास्थ्य सेवाको नीति लागू गरिने प्रतिबद्धतामा उल्लेख छ । रोग लागेपछि उपचार होइन रोग नै लाग्न नदिने अवस्था सृजना, स्वस्थ हावापानी, वातावरण र सक्रिय जीवनशैली प्रोत्साहन गरी 'म स्वस्थ मेरो परिवार स्वस्थ्य' भन्ने महाअभियान सञ्चालन गरिने प्रतिबद्धतामा उल्लेख छ ।
स्वास्थ्य सेवामा आयुर्वेद, प्राकृतिक उपचार र योग ध्यानलाई जोडी प्रमुख पर्यटकीय क्षेत्रहरूमा 'वेलनेस जोन' र योग प्रयोगशाला निर्माण गरिनाका साथै पाठ्यक्रममा योग, ध्यान र आयोग्य पर्यटन समावेश गरिने प्रतिबद्धतामा उल्लेख छ । उक्त प्रतिबद्धतालाई आगामी आर्थिक वर्ष २०८३÷८४ को र त्यसपछिका वार्षिक नीति तथा कार्यक्रम, बजेट र सुधार 'एजेन्डा'मा आबद्ध गरिने जनाइएको छ ।रासस

# शुक्रबार संसदीय समितिका सभापतिको निर्वाचन



**काठमाडौँ ।**
प्रतिनिधिसभाअन्तर्गतका विषयगत समितिको सभापतिको निर्वाचन यही वैशाख ४ गते हुँदैछ । 'मिनी संसद्' का रूपमा रहेका समितिका सभापतिको निर्वाचनका लागि सङ्घीय संसद् सचिवालयले यसअघि नै निर्वाचन कार्यक्रम प्रकाशित गरिसकेको छ । निर्वाचन कार्यक्रमअनुसार बिहीबार अपराह्न १ देखि ४ बजेसम्म 'सम्बन्धित समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस्' भन्ने प्रस्ताव दर्ता गर्न सकिनेछ । सभापतिको मनोनयनसम्बन्धी प्रस्तावमा सम्बन्धित समितिका एक जना सदस्य प्रस्तावक र सोही समितिका कुनै एक जना सदस्यको समर्थक हुनुपर्ने सङ्घीय संसद् (प्रतिनिधिसभा)का सचिव हर्कराज राईले जानकारी दिए ।
सोही दिन अपराह्न ४ः३० बजेसम्म निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको दर्ताक्रमानुसारको सूची प्रकाशित हुनेछ । शुक्रबार अपराह्न १ बजे बस्ने सम्बन्धित समितिको बैठकमा प्रस्तावले प्रस्ताव गर्ने, समर्थकले सम्बन्धित प्रस्तावको समर्थन गर्ने र उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछ । एकभन्दा बढी समितिमा पदेश सदस्य रहनुहुने मन्त्रीले सभापतिको निर्वाचनमा मतदान हुने अवस्था आएमा सोको जानकारी निर्वाचन हुनुभन्दा २४ घन्टा अगावै सम्बन्धित समितिमा लिखितरूपमा गराउन सचिवालयले अनुरोध गरेको छ ।
सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभाका १०, राष्ट्रियसभाका चार र दुई संयुक्त समिति रहेका छन् । प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार, कृषि, सहकारी तथा प्राकतिक स्रोत, पूर्वाधार विकास, महिला तथा सामाजिक मामिला, राज्यव्वस्था तथा सुशासन, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि, सार्वजनिक लेखा, अर्थ, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति रहेका छन् । संयुक्त समितिका रूपमा संसदीय सुनुवाइ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्क समिति रहेका छन् । रासस

# पूर्वउपसभापति खड्कालाई सातदिने स्पष्टीकरण



**काठमाडौँ ।**
नेपाली कांग्रेसले पार्टीका पूर्वउपसभापति पूर्णबहादुर खड्कालाई सात दिने स्पष्टीकरण सोध्ने निर्णय गरेको छ । कांग्रेस अनुशासन समितिको बुधबार बसेको बैठकले पार्टीको लेटरप्याडमार्फत आफूसँग नभएको जिम्मेवारी प्रयोग गरी नेता खड्काले गत चैत ३० गते विधान विपरित काम गरेको भन्दै सो कारबाही गरेको जनाएको छ । समितिले नेता खड्काले यसअघि चैत १४ गते पनि पार्टीको लेटरप्याडमार्फत वक्तव्य जारी गरेको भन्दै सचेत गराउने निर्णय गरेको थियो । यसैगरी समितिले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीको विधानविपरित अनुशासन उल्लङ्घन गरेका व्यक्ति उपर उजुरी दिने अवधि थप गरी यही वैशाख मसान्तसम्म थप गर्ने निर्णय गरेको छ ।रासस

# राष्ट्रिय आर्थिक गणना सुरु



**काठमाडौँ ।**
वैशाख देशको समग्र आर्थिक अवस्थाबारे बुझ्न तथा विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने विस्तृत विवरण सङ्कलनका निम्ति दोस्रो राष्ट्रिय आर्थिक गणना सुरु भएको छ । देशभर ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरेर तथ्याङ्क सङ्कलन थालेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।
उक्त कार्यालयले बुधबार पत्रकार सम्मेलन गरेर चार हजार ४३३ जना तालिमप्राप्त गणक तथा सुपरीवेक्षक आगामी असार ७ गतेसम्म तथ्याङ्क सङ्कलनमा परिचालन हुने जानकारी दिएको हो ।
उक्त कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार उद्योग, व्यापार, सेवा, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको सङ्ख्या, वितरण, रोजगारी, उत्पादन तथा सेवा प्रवाहसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिने छ ।
अन्तरराष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका २१ मध्ये १८ क्षेत्रमा आधारित आर्थिक क्रियाकलापलाई गणनामा समेटिएको छ । गणनामा दर्ता भएका तथा नभएका साना–ठूला व्यवसाय, गैरसरकारी संस्था, विद्यालय, अस्पताललगायत आर्थिक गतिविधिमा संलग्न एकाइहरूमा समावेश छन् भने कूटनीतिक नियोग, सुरक्षा निकाय तथा घरायसी क्रियाकलापलाई गणनामा समावेश गरिएको छैन ।
गणनालाई सफल बनाउन केन्द्रदेखि स्थानीय तहसम्म समन्वय समितिहरू गठन गरिएका छन् । साथै, स्थानीय तह र वडा कार्यालयसँग सहकार्य, उद्योग व्यवसायसँग सम्झौता तथा सञ्चारमाध्यममार्फत प्रचारप्रसार गरिएको कार्यालयले जनाएको छ । रेडियो, टेलिभिजन तथा डिजिटल माध्यमबाट जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा छन्, प्रवक्ता लामिछानेले भने, प्राविधिक रूपमा गणनालाई सुदृढ बनाउन अनलाइन 'इ–सेन्सस' प्लेटफर्म सञ्चालनमा ल्याइएको छ भने भौगोलिक सूचना प्रणाली (जिआइएस) मार्फत गणना क्षेत्र पहिचान गरिएको छ । साथै उनले उद्यमी, व्यवसायी, सेवा प्रदायक तथा सङ्घसंस्थालाई सत्य, पूर्ण र विश्वसनीय विवरण उपलब्ध गराउन आग्रह गरे । सङ्कलित सबै विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ ।रासस

# जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुने

**काठमाडौं ।**
राष्ट्रिय पञ्जीकरणका सूचना नागरिक एपमा एकीकरण गर्ने प्रक्रिया अघि बढाईएको छ । जन्म दर्ता, विवाह दर्ता, सम्बन्धबिच्छेद दर्तालगायतका पञ्जीकरणका सूचना एकीकृत प्रणालीमा आबद्ध गर्ने प्रक्रिया थालिएको सूचना प्रविधि विभागका महानिर्देशक श्रीचन्द्र साहले जानकारी दिए ।
अहिले यी विवरणहरू एकीकरणका लागि प्रारम्भिक प्रक्रिया थालिएको र केही समयभित्र कार्यान्वयनमा ल्याउनेगरी तयारी भइरहेको उनको भनाइ छ । तथ्याङ्क एकीकरणपछि जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुनेछन् ।
पछिल्लो समय सरकारले डिजिटल सुशासनलाई थप सुदृढ गर्ने लक्ष्यसहित नागरिक सेवाहरूलाई अनलाइन माध्यमबाट उपलब्ध गराउने अभियानलाई तीव्रता दिइरहेको छ ।
जसअन्तर्गत निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोक सेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपमार्फतै प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको विभागले जनाएको छ । त्यस्तै, नेपाल इन्जिनियरिङ परिषद्सँग सम्झौता गरी परिषद्बाट जारी हुने व्यावसायिक इन्जिनियर प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने प्रक्रियासमेत अघि बढाइएको छ ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्ययोजनाअनुसार नागरिक एपमा थप सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने र ४५ दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको थियो । तर सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले तोकिएको अवधिभन्दाअगावै यी कामहरू सकिसक्न विभागलाई निर्देशन दिनुभएको छ ।
यस पहललाई अघि बढाउन सञ्चारमन्त्री तिमिल्सिनाले विशेष चासो देखाउँदै नागरिक एपमा थप सेवा एकीकृत गर्नसमेत निर्देशन दिनुभएको छ । सोही निर्देशनअनुसार विभागले विभिन्न निकायसँग समन्वय गर्दै प्रणाली विकास तथा परिमार्जनको काम भइरहेको जनाएको छ ।
सार्वजनिक सेवामा पारदर्शिता, सहजता र डिजिटल पहुँच विस्तार गर्ने लक्ष्यसहित मन्त्रिपरिषद्को बैठकबाट यहि चैत १३ गते स्वीकृत 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ३५ मा पनि यो विषय उल्लेख भएको थियो । नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) डाउनलोड गर्न सकिने सुविधा भने हाल सञ्चालनमा आइसकेको छ । नयाँ सेवाहरू थपिएसँगै नागरिक एपलाई 'वन–स्टप डिजिटल सेवा प्लेटफर्म' बनाउने सरकारको उद्देश्य अझ सशक्त हुने अपेक्षा गरिएको छ ।
डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउने यस कदमले सेवाग्राहीलाई समय, लागत र प्रक्रियागत झन्झटबाट राहत दिने विश्वास गरिएको छ भने सरकारी सेवा प्रवाहलाई पनि थप पारदर्शी, प्रभावकारी र आधुनिक बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ ।रासस

# स्थानीय तहसँग मागियो विद्यालय समायोजनको विवरण

**काठमाडौँ ।**
राष्ट्रिय किताबखाना (निजामती) ले सामुदायिक विद्यालयका स्थायी शिक्षकहरूको अवकाशपछिको सिटरोल आगामी आर्थिक वर्षदेखि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयमार्फत गर्ने भएको छ ।
नेपाल सरकारको शासकीय सुधारको १०० कार्यसूचीको बुँदा नं १५ मा शिक्षकको सिटरोल दर्ता तथा अवकाशपछिको सेवा सुविधाको व्यवस्थापन आगामी आर्थिक वर्षदेखि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयमार्फत गर्ने व्यवस्था मिलाउने उल्लेख भए बमोजिम सो प्रबन्ध गर्न लागिएको हो ।
राष्ट्रिय किताबखानाका महाप्रबन्धक श्रवणकुमार पोखरेलले उक्त निर्णय कार्यान्वयनका लागि पहिलो चरणमा डिजिटल सर्भिस, इ–पेन्सनलगायतको सुविधा तथा सिटरोल दर्ताको प्रक्रियाअघि बढाउने गरी छलफल प्रारम्भ भएको बताए । यसका लागि कार्यालयले कार्यविधि स्वीकृतिको प्रक्रिया अघि बढाएको छ ।रासस

# हेटौंडा सिमेन्ट उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्न माग




**बागमती ।**
आर्थिक सङ्कट व्यहोर्दै आएको हेटौँडा सिमेन्ट उद्योग नियमित सञ्चालन गर्न माग गरिएको छ । रुग्ण उद्योगहरुलाई पुनः सञ्चालनमा ल्याउने सरकारले तयारी गरेपछि आर्थिक सङ्कटका कारण कहिले बन्द हुने र कहिले खुल्ने नियति सो उद्योगले भोग्दै आएको छ ।

सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा गरेकाले विभिन्न समस्याहरु जुध्दै आएको हेटौंडा उद्योग पनि नियमित र पूर्ण क्षमतामा सञ्चालन गर्न माग गरिएको हो । सिमेन्ट उद्योगलाई पुनः नियमित कसरी सञ्चालन गर्न सकिन्छ भने विषयमा सांसद प्रकाश गौतमले प्राथमिकता दिएको छ ।

हेटौँडा सिमेन्ट उद्योगको समस्या समाधान गरी नियमित सञ्चालनका लागि सङ्घीय र बागमती प्रदेश सरकारसँग पहल गरिरहेको उनले बताए । हेटौँडा सिमेन्ट उद्योगलाई पुनः कसरी नियमित रूपमा सञ्चालन गर्न सकिन्छ भने विषयमा प्रधानमन्त्री र उद्योग मन्त्रीसँग पनि कुरा गरेको छु", सांसद गौतमले भने, "यसै विषयमा केही दिनअघि बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेको छु, उहाँहरुले पनि सकारात्मक आश्वासन दिनुभएको छ । उद्योगका कर्मचारीहरूसँग पनि यस विषयमा अन्तक्रिया गरेको छु, सबैबाट राम्रै सुझाव आएको छ ।

उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्ष २०८२÷८३ मा गत भदौको १९ देखि २४ गतेसम्म पाँच दिन मात्र उद्योग सञ्चालन भएको छ । सो अवधिमा दुई हजार ५०० टन क्लिङ्कर र करिब ३० हजार बोरा सिमेन्ट उत्पादन भएको उद्योगका निमित्त महाप्रबन्धक डा शिवनारायण साह बताए । गत चैत १३ गतेदेखि उद्योगले पुनः क्लिङ्कर उत्पादन प्रक्रिया सुरु गरे पनि कच्चा पदार्थ नहुँदा पुनः रोकिएको छ । अघिल्लो महिनामा कोइला खरिदका लागि बोलपत्र आह्वान गरिए पनि पुरानो बक्यौता रकम तिर्न नसक्दा कोइला आउन नसकेकाले एकदुई दिनमा पुनः उद्योग बन्द हुने निमित्त प्रमुख डा साहको भनाइ छ ।

अहिले मौज्दात रहेको कच्चा पदार्थबाट क्लिङ्कर उत्पादन हुँदैछ, क्लिङ्करबाट सिमेन्ट उत्पादन गरेर प्याकिङ हुन्छ", निमित्त महाप्रबन्धक साहले भने, "अबको एकदुई दिनमा उत्पादन ठप्प हुन्छ, तर नियमित खर्च जस्ताको त्यस्तै छ । उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीहरूको तलब भत्ता दिनै परेको छ, केही इन्धन खर्च र सामान्य मर्मत खर्च भइरहेकै छ ।

आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी पनि गर्न नसकिएको छैन साहको भनाइ छ । सो उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत छन् । आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थपिएको छ । विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरूको भनाइ छ । रासस

# भोजपुर लुङ्गिनका किसान व्यावसायिक सुन्तला खेतीमा आकर्षित

**भोजपुर ।**
भोजपुरको हतुवागढी गाउँपालिका–२ लुङ्गिनका किसानहरू पछिल्लो समय व्यावसायिक सुन्तला खेतीतर्फ आकर्षित हुन थालेका छन् । परम्परागत अन्नबालीमा निर्भर रहेका यहाँका किसानहरू आम्दानी बढाउने लक्ष्यसहित फलफूल खेतीतर्फ उन्मुख भएका हुन् ।

लुङ्गिन क्षेत्रको हावापानी र माटो सुन्तला खेतीका लागि उपयुक्त मानिएकाले यहाँ सुन्तला खेती विस्तार हुँदै गएको स्थानीय किसान शम्भु राईले बताए । उनका अनुसार विगतमा घरायसी प्रयोजनका लागि सीमित रूपमा गरिँदै आएको सुन्तला खेती हाल व्यावसायिक रूपमा विस्तार हुन थालेको छ ।



किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न हतुवागढी गाउँपालिकाले विभिन्न अनुदान तथा प्राविधिक सहयोग कार्यक्रम सञ्चालनसमेत सञ्चालन गर्दै आएको छ । सुन्तलाका बिरुवा वितरण, बगैँचा व्यवस्थापन तालिम, मलखाद तथा रोग व्यवस्थापनसम्बन्धी सहयोगले किसानलाई थप हौसला मिलेको राईको भनाइ छ ।

हतुवागढी–२ लुङ्गिनका वडाध्यक्ष बिचारी थापाले फलफूल खेतीमार्फत किसानको आयआर्जन बढाउने लक्ष्यसहित सुन्तला खेतीलाई प्राथमिकता राखिएको बताए । किसानलाई प्रोत्साहन गर्न वडाको बजेटमा नर्सरीसमेत विस्तार गरिएको र वडाले समयसमयमा सुन्तला, एभोकाडो, कागतीका बिरुवासमेत वितरण गर्दै आएको उनले जानकारी दिए । 'यहाँ सुन्तला उत्पादन हुने स्थानलाई पकेट क्षेत्र घोषणा गरेर खेती विस्तारमा जोड दिइएको छ । यहाँका बालिङ, साक्सिराङ, दितेनी क्षेत्रमा सुन्तलाको बढी उत्पादन हुने गरेको छ । त्यसैले किसानलाई उन्नत जातका बिरुवा उपलब्ध गराउनुका साथै प्राविधिक सहयोग दिँदै आएका छौँ', वडाध्यक्ष थापाले भने, 'यसले किसानलाई व्यावसायिक उत्पादनतर्फ उन्मुख बनाएको छ । नर्सरी स्थापना गरेर किसानलाई बिरुवा वितरण गर्दै आएका छौँ ।

'स्थानीय कृषक प्रशुराम राइका अनुसार सुन्तला खेतीबाट राम्रो आम्दानी हुन थालेपछि किसानहरू यसतर्फ आकर्षित भइरहेका छन् । आफ्नो बारीमा हाल १५० बोट हाराहारी सुन्तला रहेको उनले बताए । 'अन्नबालीभन्दा सुन्तलाबाट बढी आम्दानी हुने देखिएको छ', राईलेले भने, 'यसले हाम्रो जीवनस्तर सुधारमा सहयोग पुगेको छ । त्यसैले यस क्षेत्रका किसानले व्यावसायिक सुन्तला खेती गर्दै आएका छौँ ।'

गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले लुङ्गिन क्षेत्र फलफूल खेतीका लागि उपयुक्त भएकाले सुन्तला खेतीलाई प्राथमिकतामा राखिएको बताए । 'यहाँको हावापानी र माटो सुन्तलाका लागि निकै उपयुक्त छ', उनले भने, 'यसलाई व्यावसायिक रूपमा विस्तार गर्ने योजना छ ।'

गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले सुन्तला खेतीमार्फत किसानलाई आत्मनिर्भर बनाउने लक्ष्य रहेको बताए । फलफूल खेतीको माध्यमबाट किसानको आयस्तर सुधार गर्ने लक्ष्यले भूगोलअनुसार फलफूल खेतीमा जोड दिएको उनले बताए । 'स्थानीय उत्पादन बढाउँदै किसानको आयस्तर उकास्नु हाम्रो उद्देश्य हो । फलफूल खेतीलाई अझ व्यवस्थित र व्यावसायिक बनाउँदै लैजाने योजना बनाएका छौँ', अध्यक्ष राईले भने । रासस

# बिहारमा नयाँ नेतृत्व, मुख्यमन्त्रीमा सम्राट चौधरी

**पटना (बिहार) ।**
भारतको बिहार राज्यमा राजनीतिक इतिहासमै महत्त्वपूर्ण मोड आएको छ । भारतीय जनता पार्टी (भाजपा) का नेता सम्राट चौधरीले बुधवार बिहारको मुख्यमन्त्रीका रूपमा शपथ लिनुभएको छ । यससँगै लामो समयदेखि राज्य राजनीतिमा प्रभाव जमाउँदै आउनुभएका नितिश कुमारको युग समाप्त भएको सङ्केत गरिएको छ ।

राज्यसभामा जाने निर्णय गर्नुअघि एक दशकभन्दा बढी समय बिहारको नेतृत्व सम्हाल्नुभएका नितिश कुमारको उत्तराधिकारीका रूपमा सम्राट चौधरी बिहान राज्यपालको निवास बिहार लोक भवनमा पुगेका थिए । त्यहीँ बिहारका राज्यपाल सैयद अता हसनैनले उनलाई मुख्यमन्त्री पदको शपथ दिलाएका हुन् ।

नितिश कुमारको राजीनामापछि चौधरी बिहारका पहिलो भाजपा मुख्यमन्त्री बनेका छन् । सन् २०२५ को विधानसभा चुनावमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले ऐतिहासिक जित दर्ता गरेपछि उनले रेकर्ड १० औँ पटक मुख्यमन्त्रीको रूपमा शपथ लिएका थिए । यसले राज्य राजनीतिमा लामो समयसम्म उनको प्रभाव देखाएको थियो ।



तर अब ५७ वर्षीय सम्राट चौधरीले उनको स्थान लिँदै बिहारको नेतृत्व सम्हालेका छन् । उनको उदयलाई केवल सत्ता परिवर्तनका रूपमा मात्र नभई बिहारको राजनीतिक युग परिवर्तनका रूपमा पनि हेरिएको छ, जहाँ नितिश कुमारको 'सुशासन' केन्द्रित शासन शैलीले लामो समय प्रभाव जमाएको थियो ।

सम्राट चौधरीको राजनीतिक यात्रा रोचक मानिन्छ । राजनीतिमा प्रारम्भिक प्रवेश उनले १९९० को दशकमा राष्ट्रिय जनता दल (आरजेडी) बाट गरेका थिए भने पछि सन् २०१८ मा उनी भाजपा प्रवेश गर्नुभएको हो । सन् २०२३ मा उनलाई भाजपा प्रदेश अध्यक्ष बनाइएको थियो र सन् २०२४ मा उहाँले बिहारको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

सन् १९६८ मा जन्मनुभएका चौधरी राजनीतिक रूपमा प्रभावशाली परिवारबाट आएका हुन् । उनका पिता शकुनी चौधरी तारापुर निर्वाचन क्षेत्रबाट छ पटक विधायक निर्वाचित भएका थिए भने आमा पार्वती देवीले सन् १९९८ मा तत्कालीन समता पार्टीबाट सोही क्षेत्र जितेका थिए ।

पहिले नितिश कुमारका कट्टर आलोचक रहेका चौधरी सन् २०२४ मा भाजपा–जेडीयु गठबन्धन पुनः बनेपछि राजनीतिक रूपमा नयाँ भूमिकामा देखिएका थिए । सन् २०२२ मा उनले सार्वजनिक रूपमा नितिश कुमारलाई सत्ताबाट हटाएपछि मात्र आफ्नो प्रतीकात्मक 'मुरेथा' (पगडी) उतार्ने बताएका थिए, जसले उनको आक्रामक राजनीतिक शैली झल्काउँथ्यो ।

आजको शपथ ग्रहणअघि केन्द्रीय मन्त्री चिराग पासवानले चौधरीलाई भेटेर शुभकामना व्यक्त गरेका थिए । उनले सामाजिक सञ्जाल एक्समा लेख्दै चौधरीको नेतृत्वमा बिहार विकास, सुशासन र समृद्धिको नयाँ चरणमा प्रवेश गर्ने विश्वास व्यक्त गरेका थिए ।

सम्राट चौधरीको नेतृत्वलाई ओबीसी समुदाय, विशेष गरी कोइरी÷कुशवाहा समूहबीच पार्टीको समर्थन विस्तार गर्ने रणनीतिक कदमका रूपमा पनि विश्लेषण गरिएको छ । रासस

# सुन्तला र अलैँचीखेतीमा रमाउँदै केसी



**गलकोट ।**
बागलुङ नगरपालिका–५ मालिकाका कमलबहादुर केसी उमेरले ६८ वर्ष पुगे । भारतमा नोकरीपश्चात् गाउँ फर्किएका केसी कृषिमा तल्लीन छन् । वि.सं. २०५७ मै सुन्तलाको व्यावसायिक खेती गरेका केसी भारतमा २४ वर्ष सेक्युरिटी गार्डको जागिर खाएर नेपाल फर्किएका हुन् ।

पाल्पाबाट सुन्तलाका ५०० सुन्तलाका बिरुवा १५ रोपनी जग्गामा लगाउनुभएका केसीले गाउँलेका कारण सुन्तलाका बिरुवा उखेलेर फालेको सुनाए । "सुन्तलाका यति धेरै बिरुवा के गर्ने, खेतिपाती छोडेर फलफूलले मात्रै पेट भरिन्न भनेर घरपरिवार र गाउँलेले गाली गरेपछि १५ रोपनी जग्गामा लगाएको सुन्तलाखेती २०६० सालमा उखेलेर फालेको थिए", केसीले भने, "२२ वर्षपछि पुन धानबारीको खेती मासेर सुन्तला लगाएको छु, दुईवटा पोखरीमा ग्रासकाप र सिल्भर जातको माछा पालेको छु भने ४५ रोपनी जग्गामा अलैँचीखेती विस्तार गरेको छु ।" पहिला सुन्तला लगाउँदा उत्पादनलाई बजारीकरणको चिन्ता थियो । विसं २०५७ मा सुन्तला लगाउँदा धान फल्ने खेत मासेको भन्दै गाली खाएको स्मरण गर्दै केसीले अहिले गाउँकै अगुवा किसान भएको बताउँछन् । भारतमा लामो समय काम गरेको सुनाउँदै भारतमा माछा खाने लतका कारण मालिकामा दुई वटा पोखरीमा माछापालन गर्दै आएको केसीले सुनाए ।

अहिले १४ रोपनी जग्गामा २४५ सुन्तलाका बिरुवा लगाएको छु, दुई वटा पोखरीमा माछा पाल्दै आएको छु, ४५ रोपनी जग्गा भाडामा लिएर अलैँचीखेती थालेकै पाँच वर्ष भयो, केसीले भने, गत वर्ष तीन लाख अलैँची र दुई लाख सुन्तलाबाट आम्दानी भएको थियो, अहिले लोकल कुखुरा, माछापालन, केरालगायत थप कृषिका कामलाई बढवा दिएको हुँ । वडास्तरीय कृषि समितिका संयोजक भएर मालिकाका वडाभरका ४२ किसानलाई प्लाष्टिक टनेल, मिनिटेलर हलो, सिँचाइ पाइप, सुन्तलाका बिरुवा अनुदानलगायत काममा सहायता गरेको केसीको भनाइ छ । केसी पूर्वबडा सदस्य हुन् । बम्बईको महाराष्ट्रमा सुरक्षा गार्डमा काम गरेको सुनाउँदै २०७० सालदेखि निरन्तर माछापालन गर्दै आएको केसीले सुनाए । सामूहिक रूपमा अलैँचीखेती गर्दै आएका केसीले १७ हजार मासिक भाडा तिरेर ४५ रोपनी जग्गामा अलैँची उत्पादन गर्दै आएको बताए ।

कृषिमा अथाहा सम्भावना छ, अहिले लोकल कुखुराको फार्म तयार गरेको छु, सुन्तला र अलैँचीखेतीबाट वार्षिक १२ लाखसम्म आम्दानी गर्ने लक्ष्यका साथ फार्म विस्तार गरेका छौँ, उनले भने, 'मालिका वडा कार्यालयले कृषकलाई अनुदानमा सुन्तलाका बिरुवा, माछापालनमा सहयोग गरेको छ । विसं २०७४ मा मालिकाको वडासदस्यमा निर्वाचित केसीले जनप्रतिनिधिपछि पुनः कृषिमा फर्केको बताए । पोखराबाट माछाका भुरा लिएर आएको बताउँदै उनले नगरपालिकाको सहयोगमा माछाका भुरा अनुदानमा लिएको बताए । वार्षिक ९०० केजी माछा बिक्रि गरेको केसीको भनाइ छ । रासस

# मध्यपूर्व द्वन्द्व शान्तितर्फ उन्मुख, कूटनीतिक गतिविधि तीव्र

**पेरिस ।**
मध्यपूर्वमा जारी युद्धका बीच पछिल्ला दिनहरूमा कूटनीतिक पहलहरू तीव्र बन्दै गएका छन् र प्रमुख पक्षहरूबीच वार्ता तथा संवादका संकेत देखिन थालेका छन् । अमेरिकी नेतृत्वले युद्ध अन्त्यतर्फ उन्मुख रहेको दावी गरिरहेका बेला क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरू सक्रिय रूपमा शान्तिवार्ताका लागि संलग्न भएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्ध 'समाप्तिको निकै नजिक' पुगेको बताएका छन् । उनका अनुसार अमेरिका–इरानबीचको शान्तिवार्ता यसै साता पुनः सुरु हुन सक्ने सम्भावना रहेको छ ।

त्यस्तै, इजरायल र लेबनानबीच प्रत्यक्ष संवाद सुरु गर्ने सहमति भएको खबरले पनि क्षेत्रीय तनाव कम गर्ने प्रयासहरूलाई बल दिएको छ ।

यसैबीच, बेइजिङमा चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसका वरिष्ठ कूटनीतिज्ञ सर्गेई लाभरोभबीच भेटवार्ता भएको छ । चीन र रुसले मध्यपूर्वमा तनाव न्यूनीकरणका लागि संयुक्त रूपमा पहल गर्ने प्रतिबद्धता यसअघि नै जनाइसकेका छन् । यसले कूटनीतिक सन्तुलनमा नयाँ आयाम थपेको छ ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानले आणविक हतियार नबनाउने स्पष्ट प्रतिबद्धता जनाएमा मात्र शान्ति सम्भव हुने बताए । इरानको आणविक कार्यक्रम नै वर्तमान द्वन्द्वको मुख्य विवादको विषय बनेको छ, यद्यपि तेहरानले आणविक बम विकासको आरोप अस्वीकार गर्दै आएको छ ।

अमेरिकी पक्षले वार्तालाई निरन्तरता दिने संकेत दिएको छ ।

वासिङ्टनमा भएको छलफलपछि इजरायल र लेबनान प्रत्यक्ष वार्तामा बस्न सहमत भएका छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियोको मध्यस्थतामा भएको उक्त वार्तालाई 'फलदायी' भनिएको छ, जसले सीमावर्ती तनाव कम हुने अपेक्षा गरिएको छ । तर, युद्धको प्रभाव अन्य क्षेत्रहरूमा पनि देखिन थालेको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकाले इरान युद्धमा बढी ध्यान केन्द्रित गर्दा युक्रेनप्रति चासो घटेको गुनासो गरेका छन् । उनले अमेरिकी हतियार आपूर्तिमा समेत अवरोध आएको बताउँदै रुसमाथि पर्याप्त दबाब नपरेको आरोप लगाए ।

अमेरिकाले इरानी तेलमाथिको अस्थायी प्रतिबन्ध छुट नवीकरण नगर्ने निर्णय पनि सार्वजनिक गरेको छ ।

यसले तेहरानमाथि आर्थिक दबाब कायम राख्ने नीति जारी रहने संकेत दिएको छ । सोही सन्दर्भमा अमेरिकी नौसेनाले इरानी बन्दरगाहबाट निस्कने केही जहाजहरू रोकेको जनाएको छ, यद्यपि केही जहाजहरू स्ट्रेट अफ होर्मुज हुँदै अघि बढेको तथ्य पनि सार्वजनिक भएको छ । उता, लेबनानस्थित हिज्बुल्लाहले उत्तरी इजरायलका १३ शहरलाई लक्षित गर्दै रकेट आक्रमण गरेको दाबी गरेको छ, जसले युद्धविराम प्रयासहरूबीच पनि तनाव कायम रहेको देखाउँछ ।

अर्कोतर्फ, अमेरिका र इरानबीच दोस्रो चरणको वार्ता पाकिस्तानमा हुन सक्ने संकेत दिइएको छ । यसका लागि पाकिस्तानले मध्यस्थताको प्रयास गरिरहेको जनाइएको छ । वार्ता सफल बनाउन अस्थायी युद्धविराम अवधि लम्ब्याउने प्रयास भइरहेको स्रोतहरूले बताएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीले युद्धमा अपेक्षित सहयोग नगरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । यसले पश्चिमी गठबन्धनभित्र पनि मतभेद देखिएको सङ्केत गरेको छ । मानवीय पक्षमा, अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्टले इरानमा पहिलोपटक राहत सामग्री पुऱ्याएको जनाएको छ, जसले युद्धपीडितहरूलाई केही राहत मिल्ने अपेक्षा गरिएको छ ।

युद्धको आर्थिक प्रभाव पनि गहिरिँदै गएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले मध्यपूर्व र उत्तर अफ्रिकाको सन् २०२६ को आर्थिक वृद्धिदर घटाएर १.१ प्रतिशतमा झारेको छ । तेल तथा ग्यास आपूर्ति अवरुद्ध हुँदा इरान, इराक र कतार विशेष रूपमा प्रभावित हुने चेतावनी दिइएको छ । ऊर्जा आपूर्ति सामान्य अवस्थामा फर्किएमा आगामी वर्ष सुधार देखिने अनुमान गरिएको छ । रासस

कम्पनी रजिष्ट्रार द.नं. १०९१/०६५/०६६
ने.रा.बैंक/इ.प्रा./घ/२६/०६९/०७०

# विजय लघुवित्त वित्तीय संस्था लि.
# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर)
Banking With Happiness

केन्द्रीय कार्यालय : धुलिखेल ३, काभ्रेपलान्चोक
फोन नं : ०११-४९०६७१ / ०११-४९०६७२
E-mail: vlbs@vlbs.com.np
Website: https://vlbs.com.np

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/०३ गते, मधेश दृष्टि, राष्ट्रिय दैनिक**

यस **विजय लघुवित्त वित्तीय संस्था लि.**को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो **३५ (पैंतीस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ। धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानुनी कारबाहीको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं।

| क्र.स | ऋण लिएको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | मौलापुर | बैधनाथ चमार | पिपरीया(प)-०२, रौतहट | बैधिमाई-०६, रौतहट | ३२३०४१-३ | २०६३/१०/०९ | रौतहट | अकली देवी | तिलक महरा | /महेन्द्र महरा चमार | अकली देवी |
| २ | मौलापुर | धुरपती देवी | इनर्वा-०३, रौतहट | बैधिमाई-०२, रौतहट | ३२३०३७/१०३ | २०६२/१२/२२ | रौतहट | रोयन महरा चमार | गोपाल महरा चमार | /झापस महरा चमार | रोयन महरा चमार |
| ३ | मौलापुर | पिंकु कुमारी पटेल | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | ५५९७ | २०६४/०१/१४ | रौतहट | प्रमोद प्रसाद पटेल | जयनारायण राउत कुर्मी | /जयनारायण प्र.जसैवार | प्रमोद प्रसाद पटेल |
| ४ | मौलापुर | कृष्ण कुमारी | बैधिमाई-०२, रौतहट | बैधिमाई-०२, रौतहट | ३२-०१-७६-०६३०६ | २०७६/०६/१६ | रौतहट | संतोष राउत | राम किशोर राउत कुर्मी | /जगत राउत कुर्मी | संतोष राउत |
| ५ | मौलापुर | गिता देवी | इनर्वा-०१, रौतहट | बैधिमाई-०२, रौतहट | ३२/३/०३७/५४५ | २०६३/१२/२४ | रौतहट | नरेश राउत कुर्मी | नेमी राउत | /जलनधर राउत कुर्मी | जितेन्द्र राउत कुर्मी |
| ६ | मौलापुर | पुना देवी | इनर्वा-०४, रौतहट | बैधिमाई-०२, रौतहट | ३२३०३७/२७४ | २०६३/१२/२३ | रौतहट | रघुनाथ ठाकुर | अकलु ठाकुर | /अयोध्या ठाकुर | रघुनाथ ठाकुर |
| ७ | मौलापुर | जीरा देवी | नरकटिया-०५, रौतहट | नरकटिया-०५, रौतहट | ३२३०३७/४३९ | २०६३/११/१७ | रौतहट | मेघु दास तत्मा | बुधई दास | /बुटाई दास तत्मा | मनिता कुमारी देवी |
| ८ | मौलापुर | मन्जु देवी जयसवाल | दिपही-०६, रौतहट | माधवनारायण-०१, रौतहट | २९/०१३ | २०६४/०१/०४ | रौतहट | दिलिप कुमार जयसवाल | जगदीस प्रसाद | /जोगिन्द्र साह कलवार | अमित कुमार जयसवाल |
| ९ | मौलापुर | उशा कुमारी जयसवाल | दिपही-०६, रौतहट | दिपही-०६, रौतहट | ३२-०६-७६-०१०७४ | २०७६/०४/१३ | रौतहट | अमित कुमार जयसवाल | राधा कृष्ण साह | /दिलिप कुमार जयसवाल | अमित कुमार जयसवाल |
| १० | मौलापुर | लालपती देवी | इनर्वा-०१, रौतहट | बैधिमाई-०२, रौतहट | ३२१३०३७/४७३ | २०६३/१२/२४ | रौतहट | मुन्ना प्रसाद पटेल | महेन्द्र राउत कुर्मी | /अकल प्रसाद जौसवाल | मुन्ना प्रसाद पटेल |
| ११ | मौलापुर | लछनीया देवी | देवाही-०९, रौतहट | देवाही गोनाही-०४, रौतहट | २३८९ | २०५५/११/१३ | रौतहट | रामविलास दास | अगहनु दास सरभंग | /नथुनी दास | रामविलास दास |
| १२ | मौलापुर | कमरुन नेसा | मर्यादपुर-०६, रौतहट | मौलापुर-०१, रौतहट | ३२३००३९/१७४ | २०६३/११/२६ | रौतहट | वकिल अहमद राय | सलाउदिन राय | /रहिम राय | वकिल अहमद राय |
| १३ | मौलापुर | संगिता देवी | बैधिमाई-०२, रौतहट | बैधिमाई-०२, रौतहट | ३२-०१-७६-०५३४४ | २०७६/०५/२३ | रौतहट | सोमन माझी | रतन माझी | बाँचु माझी | विरबहादुर महरा चमार |
| १४ | मौलापुर | बविता कुमारी | इनार्वा-०३, रौतहट | बैधिमाई-०२, रौतहट | ३२-०१-७६-०९४३९ | २०७६/०९/२५ | रौतहट | प्रमोद माझी | भोला माझी मुसहर | /दुखा माझी | प्रमोद माझी |
| १५ | मौलापुर | कोशिला देवी | इनार्वा-०३, रौतहट | बैधिमाई-०२, रौतहट | ३२३०३७/४१२ | २०६३/१२/२३ | रौतहट | लखनदेव माझी | असर्फी माझी | /गरहन माझी मुसहर | लखनदेव माझी |
| १६ | मौलापुर | सोसिला कुमारी | इनरवारी-०९, रौतहट | बैधिमाई-०२, रौतहट | ३२३०४२/२२५ | २०७०/०१/२२ | रौतहट | सिकिन्द्र पटेल | छठु राउत | /जोगिन्द्र राउत कुर्मी | राजकुमारी देवी |
| १७ | मौलापुर | निर्मला देवी | सरमुजवा-०३, रौतहट | बैधिमाई-०९, रौतहट | ४०४९ | २०६३/०९/०२ | रौतहट | रामप्रवेश मिश्रा | तपसी ओझा | /रामसिरिठ मिश्रा | विवेक मिश्रा |
| १८ | मौलापुर | भिखैनीया देवी | पिपरीया-०३, रौतहट | गरुडा-०७, रौतहट | ८२०२ | २०४५/०२/१७ | रौतहट | तुफानी राउत कुर्मी | हिरामन राउत कुर्मी | /मुनीलाल राउत | श्रीमती नितु कुमारी |
| १९ | मौलापुर | मान्ती कुमारी बैठा | गरुडा-०७, रौतहट | गरुडा-०७, रौतहट | ३२-०६-७७-००९६२ | २०७७/०७/०३ | रौतहट | बिसुन बैठा धाबी | सरप लाल बैठा धाबी | /असर्फी बैठा | कान्ती देवी |
| २० | मौलापुर | गिरजा देवी | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | १०९४ | २०५६/०५/२३ | रौतहट | भागृत राउत कुर्मी | जादो राउत कुर्मी | /अन्चीत राउत कुर्मी | भागृत राउत कुर्मी |
| २१ | मौलापुर | चम्पा देवी कुर्मिनी | पिपरीया(दो)-०४, रौतहट | गरुडा-०७, रौतहट | ५३९३ | २०६४/०१/१३ | रौतहट | रामलाल राउत कुर्मी | देवनन राउत कुर्मी | /पतिराम रृउत कुर्मी | रामलाल राउत कुर्मी |
| २२ | मौलापुर | विक्रम दास | देवाही-०६, रौतहट | देवाही गोनाही-०४, रौतहट | ७३४/०४९ | २०६४/०१/०८ | रौतहट | सोनवा देवी | शुकदेव दास | /लाल महम्मद सरभगं | सोनवा देवी |
| २३ | मौलापुर | किरण देवी | मर्यादपुर-०६, रौतहट | मौलापुर-०१, रौतहट | ३२३००३९/५५८ | २०६३/११/२७ | रौतहट | राजनिती लाल पाण्डे | उपेन्द्र झा | /ईश्वरी पाण्डे | राजनिती लाल पाण्डे |
| २४ | मौलापुर | संजु देवी पाण्डे | मर्यादपुर-०६, रौतहट | मौलापुर-०१, रौतहट | ३२३००३९/१७९ | २०६३/११/२८ | रौतहट | राजकुमार पाण्डेय | श्री साना पाण्डेय | /भुलन पाण्डेय | राजकुमार पाण्डे |
| २५ | मौलापुर | गान्धी देवी | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | ३२१०६८/७१० | २०६६/०५/२४ | रौतहट | लखनलाल राउत कुर्मी | ब्रहमदेव राउत कुर्मी | /रामलाल राउत कुर्मी | श्रीमती नितु कुमारी |
| २६ | मौलापुर | सरिता देवी | देवाही गोनाही-०४, रौतहट | देवाही गोनाही-०४, रौतहट | ३२-०१-७७-०२७०२ | २०७७/०७/२० | रौतहट | कुमेर बाबु कुर्मी | रामचन्द्र राउत कुर्मी | /बद्री राउत | कुमेर बाबु कुर्मी |
| २७ | मौलापुर | शिला देवी | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | ३०६८/११३ | २०७०/०२/२४ | रौतहट | भृगु प्रसाद पटेल | छोटेलाल राउत | /महेन्द्र राउत कुर्मी | गन्धी देवी |
| २८ | मौलापुर | सरिता कुमारी यादव | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | १७३०८८/३९७ | २०६३/१२/१० | रौतहट | संजिव कुमार यादव | सुरेश यादव | /बिनोद राय यादव | संजिव कुमार यादव |
| २९ | मौलापुर | सविला खातुन | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | ५३४५ | २०६४/०१/१४ | रौतहट | सिताबी मिया धाबी | मोहरम मिया धाबी | /भाला मिया धोबी | सिताबी मिया धाबी |
| ३० | मौलापुर | राम पुकारी | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | ७४७० | २०४५/०२/०९ | रौतहट | रामबाबु राउत | रामसरण राउत | /लक्ष्मी राउत कुर्मी | रामबाबु राउत |
| ३१ | मौलापुर | उमा देवी | पिपरीया(दो)-०२, रौतहट | गरुडा-०७, रौतहट | २०१४ | २०५९/११/०५ | रौतहट | नागेन्द्र राउत | महिन्दर राउत | /दिपलाल राउत | ममता कुमारी |
| ३२ | सिम्रौनगढ | राम कुमारी देवी | देवापुर-०८, बारा | सिम्रौनगढ-१०, बारा | ३३१०१०/३९२६४ | २०७०/०४/०८ | बारा | लालबाबु साह कानु | राजेन्द्र साह कानु | /महेन्द्र साह | लालबाबु साह कानु |
| ३३ | सिम्रौनगढ | लालवची देवी | देवापुर-०५, बारा | सिम्रौनगढ-१०, बारा | ३३३०१०/२२०७ | २०६३/१०/११ | बारा | राजेन्द्र साह लहेरी | रघुनाथ साह लहेरी | /शंकर साह लहेरी | राजेन्द्र साह लहेरी |
| ३४ | सिम्रौनगढ | राम गती देवी तत्मई | कचोर्वा-०६, बारा | सिम्रौनगढ-०९, बारा | ९४६ | २०४६/०२/२७ | बारा | नगीन्दर दास तत्मा | कोदई दास तत्मा | /चुल्हाई दास तत्मा | नगीन्दर दास तत्मा |
| ३५ | सिम्रौनगढ | सुश्री कुशमी कुमारी बिनिन | बेनौली-०६, बारा | पचरौता-०७, बारा | ६३४/१४०९/१२१२ | २०४५/०१/२६ | बारा | मोती मुखिया विन | रामचन्द्र मुखिया विन | /दरोगा मुखिया विन | मोती मुखिया विन |
| ३६ | सिम्रौनगढ | मरछिया देवी | सरमुजवा-०४, रौतहट | बौद्धिमाई-०६, रौतहट | ३२-३-०४०-२२० | २०६३/११/२६ | रौतहट | जगदिस साह तेली | रेखा साह तेली | /भतुक साह | मितन साह |
| ३७ | सिम्रौनगढ | चन्द्रजोती देवी | अमृतगंज-०९, बारा | अमृतगंज-०९, बारा | ३३३००२/३२१९ | २०६३/११/०६ | बारा | विरेन्द्र महरा चमार | मेघु महरा चमार | /विश्वनाथ महरा चमार | विरेन्द्र महरा चमार |
| ३८ | सिम्रौनगढ | सुनिता देवी | पटेर्वा-०७, बारा | आर्दश कोटवाल-०६, बारा | ३३३०१२/५८७३ | २०६३/११/२४ | बारा | धर्मदेव महतो | गंगाराम कोईरी | /नथुनी महतो कोईरी | धर्मदेव महतो |
| ३९ | सिम्रौनगढ | जलैस देवी | पटेर्वा-०६, बारा | आर्दश कोटवाल-०६, बारा | ३३३०१२/६३६४ | २०६३/११/२७ | बारा | सोनालाल साह | डोढा साह कानु | /लक्ष्मी साह | सोनालाल साह |
| ४० | सिम्रौनगढ | जसोधा देवी | पटेर्वा-०९, बारा | आर्दश कोटवाल-०६, बारा | ३३३०१२/६३८५ | २०६३/११/२७ | बारा | विसेसर मुखिया बिन | महेश मुखिया | /कैलाश मुखिया बिन | विसेसर मुखिया बिन |
| ४१ | सन्तपुर | पुजा कुमारी | गुजरा-४, रौतहट | गुजरा-४, रौतहट | ३२-०२-७५-०२७५४ | २०७५/०६/११ | रौतहट | उपेन्द्र दास | गौरी शंकर खाँ | रामचन्दर दास | दिपेन्द्र दास |
| ४२ | सन्तपुर | अजय कुमार पटेल | वृन्दाबन-३, रौतहट | वृन्दाबन-३, रौतहट | ३२-०२-७६-००६५२ | २०७६/०१/३१ | रौतहट | शमिशर राउत कुर्मी | रामईश्व्र राउत कुर्मी | अनन्त राउत | रामईश्व्र राउत कुर्मी |
| ४३ | सन्तपुर | मिना कुमारी चौधरी | कन्कपुर-४, रौतहट | कन्कपुर-४, रौतहट | ३२३०६३/१५२ | २०६३/१२/२४ | रौतहट | तेज नारायण चौधरी | लोचन चौधरी | /शिवराज चौधरी | तेज नरायण चौधरी |
| ४४ | सन्तपुर | अशोक कुमार साह | सन्तपुर-६, रौतहट | चन्द्रपुर-७, रौतहट | ३२२०८१/३३१ | २०६४/१२/२१ | रौतहट | सिता कुमारी साह | शिव दयाल साह | सुखल साह | राधिका देवी |
| ४५ | सन्तपुर | बिजुलीया देवी | सन्तपुर-७, रौतहट | चन्द्रपुर -७, रौतहट | ३२२०८१/१४७६ | २०७०/०८/१७ | रौतहट | दिनेश पासवान | राम केवल पासवान | /दिपनारायण हाजरा | दिनेश पासवान |
| ४६ | सन्तपुर | चुनी खातुन | गुजरा-५, रौतहट | गुजरा-५, रौतहट | ३२-०२-७४-०१९८१ | २०७४/०४/०७ | रौतहट | मनीर आलम दर्जी | रोज महमद दर्जी | /महमद रफीक | मनीर आलम दर्जी |
| ४७ | सन्तपुर | नसीमा खातुन | चन्द्रनिगाहपुर-७, रौतहट | चन्द्रनिगाहपुर-७, रौतहट | ३२१०८०/७५२ | २०६७/१२/०९ | रौतहट | मुना खान | अतूल्ला खान | /समीम खान | सजाद खान |
| ४८ | सन्तपुर | मुनि देबि | गढि-९, रौतहट | चन्द्रपुर-८, रौतहट | ३२३०२२/२४० | २०६३/१०/१९ | रौतहट | उपेन्द्र सहनी | शंकर सहनी | /बिलासी सहनी | उपेन्द्र सहनी |
| ४९ | सन्तपुर | अजरा प्रविन | सखुअवा धमौरा-९, रौतहट | वृन्दावन-६, रौतहट | ३२२०८४/४२४ | २०६४/०९/१० | रौतहट | अविवाहित | शेख उमेश | शेख जलिल | शेख तवरेज आलम |
| ५० | सन्तपुर | राम ईश्वर महरा | भसेडवा-३, रौतहट | कटहरिया-२, रौतहट | ३२३०६४/२०९ | २०६३/१२/०५ | रौतहट | जानकी कुमारी | भरत महरा | परमेशवर महरा | जानकी कुमारी |
| ५१ | सन्तपुर | ओजीर महम्द मँसुरी | सिमरा भवानीपुर-६, रौतहट | गुजरा-८, रौतहट | ३२२०७१/१५२ | २०६९/०३/२१ | रौतहट | जानकारी नभएको | सलामोदिन मँसुरी | सुलमान मिया मँसुरी | सलामोदिन मँसुरी |
| ५२ | सन्तपुर | प्रमिला देवी | भसेडवा-३, रौतहट | कटहरिया-३, रौतहट | ३२३०६४/२२७ | २०६४/१२/०५ | रौतहट | प्रभु महरा चमार | जोगिन्दर राम | /दशै महरा चमार | प्रभु महरा चमार |
| ५३ | सन्तपुर | तौकीर मिकरानी | राजदेवी-१, रौतहट | चन्द्रपुर-७, रौतहट | ३२१५१९ | २०४४/१२/१६ | रौतहट | तेतरी | रहमान मिया | /मुकदम मिया | तेतरी |
| ५४ | सन्तपुर | असिना खातुन | सन्तपुर-६, रौतहट | सन्तपुर-६, रौतहट | ३२३०८१/२४१ | २०६३/१२/०६ | रौतहट | अमरुल मिया दर्जी | अकल मिया मंसुरी | नुर महमद दर्जी | अमरुल मिया दर्जी |
| ५५ | सन्तपुर | अनिता तिवारी | छिपहरमाई-४, रौतहट | छिपहरमाई-४, रौतहट | ३४-०१-७४-००९०६ | २०७४/०१/२४ | पर्सा | आशा नरायण पाण्डे ब्राह्मण | शवती तिवारी | /पारस पाण्डे ब्रहमण | सम्झना वि.क. |
| ५६ | सन्तपुर | सुमिन्त्रा देवि | राजदेवी-६, रौटहट | हजमिनिया-२, रौटहट | ३२१००८/३२९४ | २०६५/०४/२१ | रौतहट | राम किसुन ठाकुर | राम विलाश ठाकुर लोहार | /सुकाई ठाकुर | राम किसुन ठाकुर |
| ५७ | सन्तपुर | पिँकी देवि | सन्तपुर-६, रौटहट | सन्तपुर-६, रौटहट | ३२२०८१/३०५२ | २०६९/१२/२८ | रौतहट | नन्द किशोर शाह | लाल बावु साह | /हरिन्द्र शाह कानु | नन्द किशोर शाह |
| ५८ | सन्तपुर | विना महतो | चन्द्रपुर-११, रौटहट | चन्द्रपुर-११, रौटहट | ३२२०८०/०७ | २०७१/०६/२६ | रौतहट | तपिन्द्र महतो | जगरनाथ महतो | /गणेशी महतो मुखिया | तपिन्द्र महतो |
| ५९ | सन्तपुर | तेतरी देवी | चन्द्रपुर-७, रौतहट | चन्द्रपुर-७, रौतहट | ७८ | २०५१/०४/१२ | रौतहट | राम अशिष महरा | सुखल महरा | /बिगु महरा | राम अशिष महरा |
| ६० | सन्तपुर | रीता देवी | गढो-७, रौतहट | चन्द्रपुर-७, रौतहट | ३२३०२२/३२० | २०६३/१०/११ | रौतहट | उपेन्द्र दास | झापस दास | /विलास दास | उपेन्द्र दास |
| ६१ | सन्तपुर | राधीका देवी | सन्तपुर -६, रौतहट | चन्द्रपुर-७, रौतहट | ३२-०१-६९-०७९५८ | २०६३/११/०९ | रौतहट | रामानन्द मुखिया | लगन मुखीया | /ननिपत मुखीया | रामानन्द मुखीया |
| ६२ | सन्तपुर | पुन माया मगरनी | डाँडागाँउ-५, काभ्रे | डाँडागाँउ-५, काभ्रे | ३८६३/३२१ | २०४५/०२/१९ | काभ्रे | लाल बहादुर राना मगर | बखतबहादुर | /एक बहादुर राना मगर | तेज बहादुर राना मगर |
| ६३ | सन्तपुर | बिरेन्द्र महरा | सन्तपुर-६, रौतहट | सन्तपुर-६, रौतहट | १३९४ | २०५८/१०/१७ | रौतहट | पार्वतीया देवी | गुदर राम | /दिलचन राम | पर्वतीया देवी |
| ६४ | सन्तपुर | गीता देवी महरा | सन्तपुर-६, रौतहट | सन्तपुर-६, रौतहट | ३२२०८१/४४२८ | २०६७/०८/१७ | रौतहट | राम किशोर महरा | राजिन्द्र महरा | /द्वापस महरा | राम किशोर महरा |
| ६५ | सन्तपुर | जमिन्दर महरा | सन्तपुर-६, रौतहट | सन्तपुर-६, रौतहट | ३२३०८४/१३० | २०६३/१०/११ | रौतहट | सुनिता देवी | सुखल महरा | निरस महरा | सुनिता देवी |
| ६६ | सन्तपुर | राम देव साह | सन्तपुर-६, रौतहट | सन्तपुर-६, रौतहट | ३२३०८१/११८ | २०६८/०६/०३ | रौतहट | ललीता साह | हिदृय साह | मनुप साह | ललीता साह |
| ६७ | सन्तपुर | प्रमोद कुमार विश्वकर्मा | डुमरिया-४, रौतहट | डुमरिया-४, रौतहट | ३२३०८२/४८४ | २०७०/०४/३१ | रौतहट | सकुन्तला विश्वकर्मा | पशुराम विश्वकर्मा | वृधिमान विश्वकर्मा | सकुन्तला विश्वकर्मा |
| ६८ | सन्तपुर | सिकिन्द्र ठाकुर | सन्तपुर म-६, रौतहट | सन्तपुर म-६, रौतहट | ३२२०८१/१८२० | २०६९/०९/०८ | रौतहट | मुन्द्रिका कुमारी ठाकुर | सियाराम ठाकुर | सत्यनरायण ठाकुर | मुन्द्रिका कुमारी ठाकुर |
| ६९ | सन्तपुर | सलमा खातुन | डुमरिया म-४,रौतहट | डुमरिया म-४, रौतहट | ३५२९ | २०४६/०३/१० | रौतहट | हदिश देवान | ओलि मिया | /अकिजम देवान | हदिश देवान |
| ७० | सन्तपुर | सँझा देवि थरुनी | चन्द्रपुर-८, रौतहट | चन्द्रपुर-८, रौतहट | ६५७८ | २०३५/०९/०६ | रौतहट | रामवरण चौधरी | जानकारी नभएको | सन्तोष चौधरी | रामवरण चौधरी |

# मधेशमा राजनीतिक भूकम्प ल्याएको वर्ष '२०८२'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



मधेश प्रदेशको राजनीति वर्ष २०८२मा यति तीव्र रूपमा बदलियो जसलाई सामान्य परिवर्तन नभई राजनीतिक भूकम्प भन्न सकिन्छ । २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनले मधेशको परम्परागत शक्ति संरचनालाई पूर्ण रूपमा भत्काइदिएको छ । दशकौँदेखि मधेशको राजनीतिक केन्द्रमा रहेका मधेशकेन्द्रित दलहरू पहिलो पटक शून्यमा झरेका छन् भने संगठनात्मक रूपमा कमजोर मानिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ३२ सिटमध्ये ३० सिट जित्दै अप्रत्याशित प्रभुत्व स्थापित गरेको छ । यो परिणामले मधेशको राजनीतिक नक्सा मात्र होइन, जनमानसको सोच र प्राथमिकतामा आएको गहिरो परिवर्तनलाई उजागर गरेको छ ।

विगतमा मधेशको राजनीति पहिचान, अधिकार र आन्दोलनको वरिपरि केन्द्रित थियो । मधेश आन्दोलनपछि स्थापित भएका दलहरूले जनताको भावना प्रतिनिधित्व गर्ने दाबी गर्दै लामो समयसम्म राजनीतिक वर्चस्व कायम राखे । सीके राउत, उपेन्द्र यादव, महन्थ ठाकुर र राजेन्द्र महतो जस्ता नेताहरू मधेशको राजनीतिक पहिचानका प्रतीक जस्तै बनेका थिए । तर, वर्ष २०८२ को निर्वाचनले देखायो कि जनताले अब केवल पहिचानको राजनीति मात्र स्वीकार्ने अवस्थामा छैनन् । उनीहरू विकास, सुशासन र परिणाममुखी नेतृत्व खोजिरहेका छन् ।

यो परिवर्तन अचानक आएको होइन । यसको पृष्ठभूमिमा २३ र २४ भदौमा भएको जेन–जी आन्दोलन निर्णायक रूपमा जोडिएको छ । आन्दोलनका क्रममा सरकारी संरचनामाथि आक्रमण, आगजनी र व्यापक अस्थिरता देखिएपछि मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेका सतिशकुमार सिंहले पदबाट राजीनामा दिएका थिए, जुन सीके राउतकै निर्देशनमा भएको थियो । यद्यपि उनले पछि क्षति न्यूनीकरणका लागि राजीनामा दिएको दाबी गरे पनि राजनीतिक रूपमा त्यसले जनमत पार्टीको विश्वसनीयतामा ठूलो असर पार्यो । आन्दोलनपछि सरकारमा टिकिरहने प्रयास असफल भयो र अन्ततः पार्टीकै निर्णयले उनलाई पदमुक्त गरियो ।

त्यसपछि मधेश प्रदेश सरकार गठन र विघटनको निरन्तर चक्रमा फस्यो । जितेन्द्र सोनलको नेतृत्वमा सरकार गठन भए पनि उनले विश्वासको मत प्राप्त गर्न सकेनन् । प्रदेशसभा भित्रकै असन्तुष्टि सतहमा आयो, जहाँ सांसदहरूले खुला रूपमा असहमति जनाए । यही क्रममा रहबर अन्सारीले आफ्नै अनुहारमा कालो पोतेर विरोध जनाउनु मधेशको राजनीतिमा असन्तोषको चरम अभिव्यक्ति बनेको थियो। सरकार ढलेपछि संविधानको व्याख्यालाई लिएर नयाँ विवाद सुरु भयो ।

तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सबैभन्दा ठूलो दलको हैसियतमा सरोजकुमार यादव लाई मुख्यमन्त्री नियुक्त गरेपछि राजनीतिक विवाद झनै चर्कियो । सात दल सडकमा उत्रिए, संविधानको गलत व्याख्या गरिएको आरोप लगाए । अन्ततः संघीय सरकारको हस्तक्षेपपछि भण्डारी हटाइन् र सुरेन्द्र लाभ नयाँ प्रदेश प्रमुख बने । सर्वोच्च अदालतको आदेशपछि सरोज यादवले विश्वासको मत लिन नसक्दा एमाले नेतृत्वको सरकार ढल्यो र नेपाली कांग्रेसका कृष्णप्रसाद यादव को नेतृत्वमा नयाँ सरकार गठन भयो ।

राजनीतिक अस्थिरता सरकारमै सीमित रहेन । प्रदेशसभा भित्र पनि शक्ति संघर्ष तीव्र भयो । सभामुख रामचन्द्र मण्डल विरुद्ध अविश्वास प्रस्ताव दर्ता भएपछि उनी पदमुक्त भए र जसपाका रामअशिष यादव नयाँ सभामुख चयन भए । यसले स्पष्ट संकेत दियो कि मधेशको राजनीति केवल दल परिवर्तन होइन, शक्ति संरचनाको पुनर्संरचना हुँदैछ ।

यही अस्थिरता र निराशाको बीचबाट नयाँ राजनीतिक शक्ति उदायो—बालेन्द्र शाह । महोत्तरी मूलका शाह मधेशीमूलका पहिलो प्रधानमन्त्री बनेपछि मधेशमा एक प्रकारको भावनात्मक लहर सिर्जना भयो । उनले चुनावी अभियानको सुरुवात नै जनकपुरबाट गर्दै मैथिली भाषामा दिएको सन्देशले मधेशी मतदातासँग सीधा सम्बन्ध स्थापित गर्यो ।

यसको प्रत्यक्ष प्रभाव निर्वाचन परिणाममा देखियो । मधेशमा बलियो मानिएको नेपाली कांग्रेस समेत कमजोर बन्यो । गगनकुमार थापा जस्ता शीर्ष नेता पराजित भए । यसले देखायो कि मधेशका मतदाताले अब परम्परागत दलको वर्चस्व तोडेर नयाँ विकल्प रोज्न तयार भएका छन् ।

चुनावपछि मधेशकेन्द्रित दलहरूको अवस्था झनै कमजोर देखिएको छ । बैठक बस्न नसक्ने, संगठन चलायमान बनाउन नसक्ने र स्पष्ट रणनीति प्रस्तुत गर्न नसक्ने अवस्था देखिएको छ । यसले उनीहरूको राजनीतिक भविष्यप्रति गम्भीर प्रश्न उठाएको छ । राजनीतिक विश्लेषक रोशन जनकपुरी का अनुसार वर्ष २०८२ मधेशका लागि ऐतिहासिक मोड हो, जहाँ एकातिर सरकार गठन र विघटनको विकृत अभ्यासले प्रदेशको छवि कमजोर बनायो भने अर्कोतर्फ चुनावले पुराना राजनीतिक शक्तिलाई विस्थापित गरिदियो ।

समग्रमा हेर्दा, मधेश अब केवल आन्दोलनको भूमि मात्र होइन, प्रयोग र परिवर्तनको प्रयोगशाला बनेको छ । जनताले आफ्नो मतमार्फत स्पष्ट सन्देश दिएका छन्—काम गर्ने, परिणाम दिने र विश्वास जित्ने नेतृत्व मात्र टिक्न सक्छ । अब चुनौती नयाँ शक्तिका लागि छ । यदि उनीहरूले जनताको अपेक्षा पूरा गर्न सकेनन् भने मधेशको राजनीति फेरि अर्को उथलपुथलतर्फ जान सक्ने संकेतहरू स्पष्ट देखिन्छन् ।

# हिलोपानी खेलेर मनाइयो जुडशितल पर्व



**मधेशदृष्टि**
**जनकपुर ।**

मिथिलाञ्चलमा बुधबार हर्षोल्लासपूर्वक जुडशितल पर्व मनाइयो । वैशाख २ गते मनाइने यस पर्वमा मिथिलावासी एकअर्कालाई हिलोपानी लगाउने गर्छन् । यसअघि परिवारका श्रेष्ठजनबाट बिहान हुनेबित्तिकै टाउकोमा पानी थापेर आशीर्वाद लिने परम्परा छ ।

होली पर्वमा रङ–अबिर दलेर खेले जस्तै यस पर्वमा एकअर्कालाई हिलोपानी दलिन्छ । जुडशितल पर्वमा अघिल्लो वर्षको बासी खाना खाने परम्परा समेत छ । पहिले यो पर्वमा बिहान उठेर सम्पूर्ण गाउँवासी एकत्रित भएर एकअर्कामाथि हिलो, माटो, पानी र खरानी दलेर खेल्ने गर्थे । अचेल यो परम्परा लोप हुँदै गइरहेको छ ।

मिथिलाञ्चलको जुडशितललाई संरक्षण गर्ने उद्देश्यले विभिन्न संघसंस्थाको पहलमा जनकपुरधाममा मनाइदै आएको छ । जानकी मन्दिरको छेउमै रहेको अरगज्जा सर पोखरीको डीलमा विभिन्न राजनीति दलका नेता कार्यकर्ता तथा स्थानीयको सहभागितामा हिलो पानी दलेर जुडशितल पर्व मनाइएको हो । त्यहाँ धनुषा ३ का प्रतिनिधिसभा सदस्य मनिष झा, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहको उपस्थिति थियो । शीतलताको प्रतीकका रुपमा हिलो र पानीले खेल्ने यो पर्वले मिथिलाको संस्कृतिलाई झल्काउने गरेको मधेश प्रदेशका प्रदेशसभा सदस्य रामअशिष यादव बताउँछन् । जुडशितल पर्वमा एकाबिहानै बोटबिरुवामा पानी हाल्ने परम्परा पनि छ । यस हिसाबले यो पर्वले प्रकृति संरक्षणको समेत सन्देश दिने गरेको उनको भनाई छ । यसका अतिरिक्त जुडशितल पर्व वैज्ञानिक एवं स्वास्थ्यको दृष्टिकोणले समेत महत्वपूर्ण छ ।शरीरमा हिलो र पानी हाल्नाले स्वास्थ्य लाभ हुने र छालाका रोगहरू नलाग्ने विश्वास छ । गर्मीयाममा दादुराको प्रकोप बढ्ने गरेकाले शुद्ध माटो शरीरमा लगाउँदा यो रोग लाग्ने सम्भावना न्यून हुने गरेको चर्मरोग विशेषज्ञ डा. प्रमोदकुमार झा बताउँछन् ।

यसअघि मंगलबर मिथिलाञ्चलको धार्मिक एवं सांस्कृतिक पर्वको रुपमा रहेको सतुवाईन पर्व मनाइएको छ ।

पर्वको अवसरमा घर–घरमा सतु खाने तथा दान गर्ने चलन रहेको छ । घरका देवीदेवतालाई प्रसादका रुपमा सतु अर्पण गर्ने गरिन्छ । त्यसपछि परिवारका सम्पूर्ण सदस्यले सतु खाने गर्छन् । चनाको या घरमा नै चना, गहुँ, मकै तथा जौ मिसाएर तयार पारेको सतु खाने तथा दान गर्ने चलन छ ।

# भाठा धाममा नयाँ वर्षसँगै भव्य मेला
## हजारौँ भक्तजनको ओइरो

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पटेर्वा सुगौली गाउँपालिका–१ अन्तर्गत दुधेश्वरनाथ महादेव मन्दिर (रामभौरी भाठा धाम) मा नयाँ वर्ष २०८३ को आगमनसँगै भव्य धार्मिक मेला सुरु भएको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज भित्र अवस्थित यस ऐतिहासिक तथा धार्मिक स्थलमा वैशाख १ देखि ३ गतेसम्म चल्ने मेलामा नेपाल र भारतका विभिन्न स्थानबाट हजारौँ भक्तजनको भीड लागिरहेको छ । मन्दिर व्यवस्थापन समितिका अनुसार भाठा धाममा वर्षमा तीन पटक—वैशाख त्रयोदशी, माघको श्रीपञ्चमी र साउन महिनाभर—विशेष मेला लाग्ने परम्परा छ । मनोकामना पूरा भएका श्रद्धालुहरूले मन्दिर परिसरका करिब २० स्थानमा अष्टजाम, भजन–कीर्तन र धार्मिक अनुष्ठान सञ्चालन गरिरहेका छन्, जसले यतिबेला सम्पूर्ण क्षेत्रलाई भक्तिमय बनाएको छ ।

रंगपुर टाँडी बजारबाट करिब १४ किलोमिटर जंगल र कच्ची ग्रेभल बाटो पार गरेपछि पुगिने यो धाम धार्मिक मात्र नभई प्राकृतिक रूपमा पनि आकर्षक छ । बाटोभरि हरिण, बँदेल, मयुर, हात्ती, बाँदर, निलगाई, बाघ, भालु लगायतका वन्यजन्तु र विभिन्न चराचुरुङ्गीहरूको अवलोकन गर्न पाइने भएकाले यात्रुहरूका लागि यो यात्रा रोमाञ्चक अनुभव बन्ने गरेको छ ।

करिब एक शताब्दी पुरानो इतिहास बोकेको यस मन्दिरको सुरुवात सानो खरको झुपडीबाट भएको थियो । ढुङ्गालाई दुधेश्वरनाथ महादेवका रूपमा पूजा गर्न थालेपछि देखिएका चमत्कारिक घटनाले यसको धार्मिक महत्व क्रमशः बढ्दै गएको



स्थानीयहरूको विश्वास छ ।

पछिल्ला वर्षहरूमा भाठा धामको पूर्वाधारमा उल्लेख्य सुधार आएको छ ।

गौत्री भलुवाई नदीमा स्नानपछि करिब डेढ किलोमिटर पैदल यात्रा र ३०० भन्दा बढी सिँढी उक्लिएपछि पहाडको टुप्पोमा रहेको मुख्य मन्दिर पुगिन्छ, जहाँ अहिले शिव–पार्वतीको भव्य पक्की मन्दिर निर्माण गरिएको छ । साथै, दर्शनार्थीका लागि धर्मशाला, अस्थायी शौचालय तथा खानेपानीको व्यवस्था समेत गरिएको छ ।

मेलाको पहिलो दिनमै उल्लेख्य भीड देखिएको छ । नेपाली सेना का अनुसार मंगलबार मात्रै करिब ८०० मोटरसाइकल, ८० ट्र्याक्टर, १०० ट्याक्सी÷अटो र १०० वटा स्कार्पियो तथा टाटा समूहका सवारी साधन मन्दिर क्षेत्रमा प्रवेश गरेका छन् । समग्रमा झण्डै १० हजार भक्तजनले पहिलो दिनमै दर्शन गरेका छन् । भारतका रक्सौल, मैनाटार, बेतिया, अरेराज लगायत क्षेत्रका साथै नेपालका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी र चितवनबाट पनि ठूलो संख्यामा श्रद्धालुहरू भाठा धाम पुगेका छन् ।

मेला समिति सदस्य शम्भु यादवले भक्तजनको सहजताका लागि आवश्यक व्यवस्थापनमा आफूहरू निरन्तर खटिएको बताए । ठूलो संख्यामा आउने श्रद्धालु व्यवस्थापन चुनौतीपूर्ण भए पनि धार्मिक आस्थाले सबैलाई प्रेरित बनाएको उनको भनाइ छ ।

त्यसैगरी, स्थानीय सञ्चारकर्मी चिरञ्जीवी यादवले वर्षमा तीन पटक मात्रै मेला आयोजना गरेर धामको पूर्ण विकास सम्भव नभएको उल्लेख गर्दै वर्षभरि धार्मिक गतिविधि सञ्चालन गर्न सके रोजगारी सिर्जना र धार्मिक पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण योगदान पुग्ने धारणा व्यक्त गरे ।

# जय ट्रफीका लागि ६ टोलीको टुंगो



**मधेशदृष्टि**
**जनकपुरधाम।**

प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताको लिग चरण सम्पन्न भएसँगै जय ट्रफी खेल्ने ६ टोलीको टुंगो लागेको छ । यसपटक प्रतियोगिताको ढाँचामा परिवर्तन गर्दै शीर्ष ४ बाट बढाएर शीर्ष ६ टोलीलाई छनोट गर्ने व्यवस्था गरिएको थियो।

जय ट्रफी खेल्ने टोलीहरूमा त्रिभुवन आर्मी क्लब, एपीएफ क्लब, नेपाल पुलिस क्लब, सुदूरपश्चिम प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेश रहेका छन्।

लिग चरणमा आर्मी १७ अंकसहित शीर्ष स्थानमा रहँदै एक मात्र अपराजित टोली बन्यो। सुदूरपश्चिम १२ अंकका साथ दोस्रो स्थानमा रह्यो भने एपीएफ ११ अंकसहित तेस्रो स्थानमा सीमित भयो । समान अंक भए पनि रनरेटका आधारमा मधेश चौथो स्थानमा रह्यो । पुलिस र लुम्बिनीले समान ९ अंक जोडे पनि रनरेटका कारण क्रमशः पाँचौँ र छैटौँ स्थानमा परे।

अन्तिम तथा निर्णायक खेलमा मधेश प्रदेशले नेपाल पुलिस क्लबलाई चार विकेटले पराजित गर्दै जय ट्रफीमा स्थान सुरक्षित ग¥यो । पुलिसले दिएको १३१ रनको लक्ष्य मधेशले २४.१ ओभरमा ६ विकेट गुमाउँदै पूरा गरेको थियो । यो खेल मधेशका लागि जित्नैपर्ने अवस्थामा थियो, पराजित भएको खण्डमा छनोटबाट बाहिरिने सम्भावना थियो।

प्रतियोगितामा विभागीय तीन टोलीसहित सातै प्रदेश गरी कुल १० टोली सहभागी थिए। सिंगल राउन्ड रोबिन प्रणालीअनुसार ९१ खेल खेलिएका थिए।

आर्मीले ९ खेलमध्ये ८ जित निकाल्दै उत्कृष्ट प्रदर्शन ग¥यो भने एक खेल वर्षाका कारण रद्द भएको थियो । टोलीले प्रतियोगिताभर लगातार प्रभावशाली खेल प्रस्तुत ग¥यो।

यता, कोसी प्रदेश भने प्रतियोगिताको एक मात्र जितविहीन टोली बन्यो। उसले ९ खेलमध्ये ८ मा हार बेहो¥यो भने एक खेल रद्द भयो।

अब जय ट्रफीमा शीर्ष ६ टोलीबीच प्रतिस्पर्धा हुने भएकाले घरेलु क्रिकेट थप प्रतिस्पर्धात्मक बन्ने अपेक्षा गरिएको छ।

# जेन्जी अन्दोलनको प्रतिवेदन कार्यान्वयन गर्न अध्ययन समिति

**काठमाडौँ ।**

सरकारले गत भदौ २३ र २४ गतेको घटनाको जाँचबुझ गर्न गठित आयोगले पेस गरेको प्रतिवेदन कार्यान्वयनबारे सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न समिति गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा तीन सदस्यीय समिति बनाउने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहनुभएका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

समितिको सदस्यमा सशस्त्र प्रहरी बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सुबोध अधिकारी र नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राई रहेका छन् ।

मन्त्रिपरिषद्को बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप कोषमा स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने एक मिलियन स्वीस फ्रान्क अनुदान सहायता प्राप्त गर्ने निर्णय गरेको शिक्षामन्त्री पोखरेलले बताए ।

बैठकले नेपाल र भारतबीच फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौता २०८२ फागुन ५ मा हस्ताक्षर गरी स्वीकार गरिएको सूचना जानकारीका लागि प्रतिनिधिसभामा पेस गर्ने निर्णय पनि गरेको छ ।

मन्त्रिपरिषद् बैठकले आन्तरिक राजस्व विभागको उपमहानिर्देशक, निर्देशक र शाखा अधिकृत, ठूला करदाता कार्यालय तथा मध्यमस्तरीय करदाता कार्यालयको प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृत र कर अधिकृत, आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत र कर अधिकृत तथा ५२ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक वा कोष नियन्त्रकलाई तोकिएको क्षेत्र हेर्ने गरी अन्तःशुल्क अधिकृतको रूपमा तोक्ने निर्णय पनि गरेको छ ।

यस्तै, मन्त्रिपरिषद् बैठकले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ स्वीकृत गर्नुका साथै आर्थिक तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ ।

**सम्पत्ति छानबिन आयोग गठन**

सरकारले ६२/६३ यताका सार्वजनिक पदधारीको सम्पत्ति छानबिन गर्न आयोग गठन गरेको छ ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले पूर्वन्यायाधीश राजेन्द्र भण्डारीको संयोजकत्वमा छानबिन आयोग गठन गरेको हो ।शिक्षामन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले भने, 'सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्र कुमार भण्डारीको संयोजकत्वमा पूर्वन्यायाधीश पुरुषोत्तम पराजुली पूर्वन्यायाधीश चण्डीराज ढकाल, पूर्व प्रहरी नायब निरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल सदस्य रहेको २०६२–६३ देखि हालसम्म सार्वजनिक पदधारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीको सम्पत्ति छानबिन गर्न समिति गठन गर्ने ।'

# अफवाह नफैलाउन प्रशासनको आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधाममा भेटिएको मासु सम्बन्धी घटनालाई लिएर सामाजिक सञ्जालमा फैलिएका भ्रमपूर्ण सूचना प्रति जिल्ला प्रहरी कार्यालय धनुषाले चासो व्यक्त गरेको छ । प्रहरीले तथ्य पुष्टि नभईकन अनावश्यक टिप्पणी नगर्न सर्वसाधारणसँग आग्रह गरेको छ।

गत चैत २९ गते साँझ जनकपुरधाम–१६ पुलचोकस्थित एक घरमा मासु पकाइरहेको सूचना पाएपछि प्रहरी घटनास्थल पुगेको थियो । स्थानीय स्तरमा उक्त मासु गाईको हुन सक्ने आशंका गरिएपछि प्रहरी टोलीले काँचो र पकाइएको दुवै मासु नियन्त्रणमा लिएको थियो।

प्रहरीका अनुसार बरामद गरिएको मासुको पहिचान गर्न नमुना परीक्षणका लागि काठमाडौंस्थित विधिविज्ञान प्रयोगशालामा पठाइएको छ । प्रतिवेदन नआएसम्म मासु कुन जनावरको हो भन्ने स्पष्ट भइसकेको छैन।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता मधुसुधन न्यौपानेले अनुसन्धान जारी रहेकै अवस्थामा सामाजिक सञ्जालमा गलत सूचना फैलाउनु गैरजिम्मेवार व्यवहार भएको बताए । उनले केही व्यक्तिहरूले आधारहीन दाबी गर्दै समुदायबीच द्वेष फैलाउने प्रयास गरेको पनि उल्लेख गरे।

उनका अनुसार यदि परीक्षणबाट प्रतिबन्धित जनावरको मासु भएको पुष्टि भएमा कानूनअनुसार कारबाही गरिनेछ । तर त्यसअघि कुनै निष्कर्ष निकालेर प्रचार गर्नु अनुचित हुने भन्दै संयम अपनाउन आग्रह गरिएको छ।

प्रहरीले अनुसन्धान निष्पक्ष रूपमा अघि बढिरहेको जनाएको छ र सामाजिक सद्भाव कायम राख्न सबैलाई जिम्मेवार बन्न आह्वान गरेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन